# स्थानीय सरकार
# र
# विद्यालय व्यवस्थापन समिति

(शिक्षामा जवाफदेहिता र समावेशीकरण)



## विद्यालय व्यवस्थापन हातेपुस्तिका
**(School Management Handbook)**



CBR PATAN

बाल सरोकार समूह

# स्थानीय सरकार
# र
# विद्यालय व्यवस्थापन समिति

(शिक्षामा जवाफदेहिता र समावेशीकरण)

## विद्यालय व्यवस्थापन हातेपुस्तिका

(School Management Handbook)

**प्रकाशक**

लू निभाः बाल सरोकार समूह

र

पाटन सामुदायिक पुनर्स्थापन संस्था

**लेखन** : डा. भोलाप्रसाद दाहाल

**सम्पादन तथा संयोजन** : सन्तराम डंगोल

**प्रकाशन प्रति** : १००० प्रति

**ले आउट तथा आवरण पृष्ठ डिजाइन** : पेश क्रियशन

**प्रकाशन वर्ष** : २०१७

**प्रकाशक**:

**लू निभाः बाल सरोकार समूह, ललितपुर**

**र**

**पाटन सामुदायिक पुनर्स्थापन संस्था, ललितपुर**

**प्रकाशन सहयोग**:

**ईन्टरपेडिया फिनल्याण्ड**

**मार्फत**

**फिनल्याण्ड बिदेश मामला मन्त्रालय**

# आभार

नेपाल पहिलो पटक संघीय अभ्यासमा प्रवेश गर्दैछ । सो अनुसार नेपालको संविधान २०७२ ले तीन वटा सरकारको व्यवस्था गरेको छ । जसको आआफ्नै जिम्मेवारी तथा अधिकार क्षेत्र रहेका छन् । जस मध्ये शिक्षाको अधिकार पनि एक हो । संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत र माध्यमिक शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । विद्यालय सम्बन्धी हरेक व्यवस्थापकीय जिम्मा स्थानीय सरकारद्वारा हुन्छ । हुन त विगतका दिनमा पनि शिक्षालाई बढी विकेन्द्रित बनाउन नखोजिएको होइन तथापी हालको संविधानले स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरेको मात्र होइन बढी जिम्मेवार र जवाफदेही पनि बनाएको छ । संघ र प्रदेशले नीति, मापदण्ड समन्वय र श्रोत साधन आदिको व्यवस्था गरिन्छ । विगत देखि विद्यालयमा अभिभावक तथा समूदायको सहभागिता अभिवृद्धि गरी समूदायको अपनत्व वृद्धि गर्न, समग्र विद्यालयको व्यवस्थापन गर्न र गुणस्तरीयता सुनिश्चित गर्न विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघहरुको व्यवस्थापन गरको छ ।

त्यस्तै गरी स्थानीय शिक्षा योजना र त्यसको कार्यन्वयनको लागि गाँऊ तथा नगर शिक्षा समितिहरुको व्यवस्था भई हुँदै आइरहेको छ । विगत दिनमा स्थानीय रुपमा जनप्रतिनिधिहरुको अभावमा ती स्थानीय संरचना प्रभावकारी रुपमा कार्यमूलक रहन सकेन । संरचना प्रभावकारी रुपमा कार्यमूलक हुन नसक्नुमा तिनीहरुको समय सापेक्ष क्षमता अभिवृद्धि गर्न नसक्नु पनि रहेको छ । हालका दिनमा जुनसुकै कार्यमा पनि जवाफदेहि र समावेशीता खोजिन थालिएको छ । जसका लागि विद्यालय व्यवस्थापन समिति तथा स्थानीय सरकारहरुलाई सूचना जानकारी, ज्ञान, सीपको आवश्यकता पर्दछ ।

स्थानीय सरकार र विद्यालय व्यवस्थापन समितिले समग्र विद्यालयलाई बढी भन्दा बढी जवाफदेही बनाओस र समावेशी बनाउन सहयोग पुगोस भन्ने मनसायका साथ लू निभाः बाल सरोकार समूह र पाटन शिविआर को संयुक्त प्रयासमा **स्थानीय सरकार र विद्यालय ब्यवस्थापन समिति** (**शिक्षामा जवाफदेहिता र समावेशीकरण**) नामक हाते पुस्तिका प्रकाशन गरिएको छ ।

यस हाते पुस्तिका प्रकाशनका लागि लेखन कार्यमा सहयोग गर्नुहुने डा. भोलाप्रसाद दाहाल, प्रकाशन संयोजन गर्न लू निभाःका कार्यक्रम व्यवस्थापक सन्तराम डंगोल र आर्थिक सहयोग प्रदान गर्ने साँझेदारी संस्था विदेश मामला मन्त्रालय फिन्ल्याण्ड र इन्टरपेडिया फिन्ल्याण्डलाई हार्दिक आभार व्यक्त गर्दछौं । साथै प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्नु हुने सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं । त्यसैगरी शिक्षा मन्त्रालयका प्रवक्ता एवम् सहसचिव डा. हरि लम्सालज्यूलाई उहाँको नीतिगत मार्गदर्शनका लागि हार्दिक आभार प्रकट गर्दछौं ।

आशा छ यस पुस्तिकाले स्थानीय तहमा शिक्षालाई बढी जवाफदेही र समावेशी बनाउन सहयोग मिल्नेछ र सम्पूर्ण बालबालिकाको शिक्षा पाउने अधिकारको सुनिश्चित गर्नमा सहयोग हुनेछ । यस पुस्तिकाको अध्ययन र प्रयोग पश्चात प्रतिक्रिया सुझाव, सल्लाह भएमा लू निभाः वा पाटन सि.बि.आर. संस्थामा पठाई सहयोग गर्न हुन अपेक्षा गरिएको छ ।

**नरेन्द्र डंगोल**
कार्यकारी निर्देशक
लू निभाः बाल सरोकार समूह

**लूनिभाः चित्रकार**
कार्यकारी निर्देशक
पाटन सामुदायिक पुनर्स्थापन संस्था

# विषय सूची


- विषय प्रवेश **१**
- अपाङ्गताको परिभाषा र वर्गिकरण **३**
- विश्वपरिवेशमा अपाङ्गता **७**
- अपाङ्गतासम्बन्धमा एशिया प्रशान्त क्षेत्रमा भएका प्रयासहरु **११**
- विश्वपरिवेशमा अपाङ्गताको अवस्था **१३**
- नेपालको सन्दर्भमा अपाङ्गता **१५**
  - *संवैधानिक व्यवस्था* १५
  - *नेपालमा अपाङ्गतासम्बन्धमा कानूनी व्यवस्था* २२
  - *योजनामा अपाङ्गता* २८
  - *अपाङ्गता भएका व्यक्तिहरु सम्बन्धी तथ्याङ्क* ३०
  - *अपाङ्गता सम्बोधनका लागि भएका विकासक्रम* ३३
  - *विद्यमान नीति तथा कार्यक्रममा अपाङ्गता* ३६
- शिक्षामा अपाङ्गता भएका बालबालिकाहरूका लागि विशिष्ट कार्यक्रमहरु **४१**
- अपाङ्गतासम्बन्धी सवाल सम्बोधनका लागि सरकारको जवाफदेहिता **४३**
- अपाङ्गताको सवालमा स्थानीय सरकार र गैससँको भूमिका **४७**
  - *स्थानीय सरकारको भूमिका र जिम्मेवारी* ४७
  - *विद्यालयको भूमिका र जिम्मेवारी* ४८
  - *शिक्षकको भूमिका र जिम्मेवारी* ४८
  - *गैरसरकारी संघसंस्थाको भूमिका* ४८
  - *अपाङ्गता भएका बालबालिकाको अधिकारमा बालक्लव* ४९

# विषय प्रवेश

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले विद्यालय शिक्षा (आधारभूत शिक्षा र माध्यमिक शिक्षा)को अधिकार स्थानीय तहमा प्रदान गरेको छ। विद्यालय शिक्षासम्बन्धी सम्पूर्ण व्यवस्थापन स्थानीय सरकारले गर्नुपर्ने देखिन्छ। यसो भनेर विद्यालय शिक्षाको विकास र सम्वृद्धिमा प्रदेश र संघीय सरकारको कुनै जिम्मेवारी वा भूमिका हुदैन् भन्ने होइन तर कानूनी दस्तावेजले स्थानीय तहलाई बढी जिम्मेवार बनाएको देखिन्छ, बढी जवाफदेही बनाएको देखिन्छ। यसले के देखाउँछ भने विद्यालय शिक्षाको समग्र व्यवस्थापनमा स्थानीय तहलाई अधिकार प्रदान गरेको मात्र नभई बढी जिम्मेवार र जवाफदेहि पनि बनाएको। कार्यक्रम तर्जुमा र कार्यान्वयनमा स्थानीय तहले प्रमुख भूमिका निर्वाह गर्नुपर्नेछ भने प्रदेश र संघीय तहले नीति, मापदण्ड, समन्वय र स्रोतसाधन आदिको व्यवस्था गर्नुपर्ने देखिन्छ।

विद्यालय शिक्षाको समग्र व्यवस्थापनमा स्थानीय समुदाय र अभिभावकको बढी भन्दा बढी सहभागिता सुनिश्चित होओस, विद्यालयको विकास र सञ्चालनमा अपनत्वको भावना विकास होओस र विद्यालय शिक्षा स्थानीय तहमा प्रभावकारी ढंगबाट व्यवस्थापन होओस भन्ने उद्देश्यले विगतदेखि नै विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, गाँउ तथा नगर शिक्षा समितिजस्ता समितिहरुको व्यवस्था भइ आएको छ। यी र यस्तै विभिन्न समितिहरुमध्ये विद्यालय व्यवस्थापन समितिलाई तत्कालिन ऐन तथा नियमले विशिष्ट खालका अधिकार र कर्तव्य प्रदान गरेका थिए र छन् पनि। कार्यक्षेत्रका हिसाबले पनि यस्ता समितिहरुका काम छुट्टा छुट्टै किसिमबाट तय गरिएका छन्। विद्यालय व्यवस्थापन समितिभन्दा माथि गाँउ तथा नगर शिक्षा समिति रहने व्यवस्था छ। यीनै परिप्रेक्ष्यमा स्थानीय सरकार सञ्चालन ऐनले समेत विद्यालय व्यवस्थापन समिति र गाँउ तथा

नगर शिक्षा समितिको व्यवस्था गरेको छ। यस्ता समितिहरुको काम कर्तव्य र अधिकारलाई अब बन्ने कानूनमा व्यवस्था गर्नुपर्ने देखिन्छ।

विद्यालय व्यवस्थापन समितिले विद्यालय विकासका कामहरु गर्नुपर्छ। समन्वयको काम गर्नुपर्छ। स्रोत र साधनको व्यवस्था गर्नुपर्छ। अभिभावकत्वको भूमिका खेल्नुपर्छ। विद्यालय र समुदाय तथा अभिभावकको बीचमा सेतुको काम गर्नु पर्छ। यी र यस्तै कामहरु गर्न विद्यालय व्यवस्थापन समितिले प्रमुख भूमिका निर्वाह गर्नुपर्छ। विद्यालय व्यवस्थापन समितिले यी कामहरु त्यतिबेलामात्र प्रभावकारीरुपमा गर्न सक्छन् जब उनीहरु आफ्ना अधिकार र कार्यक्षेत्रका बारेमा जानकार हुन्छन्। अर्को अर्थमा भन्नुपर्दा उनीहरुको क्षमता विकास हुन्छ। विद्यालय शिक्षाको विकासका लागि विद्यालय व्यवस्थापन समितिको क्षमता विकासमा ध्यान दिनु पर्ने कारण पनि यहि हो।

विद्यालय व्यवस्थापन समितिले गर्नुपर्ने धेरै कामहरु मध्ये समुदायमा रहेका सबै बालबालिकाहरुलाई आधारभूत तहसम्मको शिक्षा पुरा गराउन आवश्यक सहजिकरण गर्नु पनि एक काम हो। यस कार्य पुरा गर्नका लागि विद्यालय व्यवस्थापन समिति आफूमात्र सक्षम भएर पुग्दैन्, उनीहरु विभिन्न आवश्यकता भएका बालबालिकाहरुको आवश्यकताप्रति बढी मात्रामा संवेदशिल बन्न पनि सक्नुपर्छ। उक्त आवश्यकता पुरा गर्नका लागि विद्यालयका आन्तरिक तथा बाह्य वातावरण मैत्रीपूर्ण बनाउनु पनि आवश्यक छ। विद्यालय तथा समुदायमा रहेका बालबालिकाहरुको आवश्यकता विविध प्रकृतिका हुनसक्छ, तीमध्ये अपाङ्गता भएका बालबालिकाहरुको आवश्यकता अलि पृथक र विशिष्ट प्रकृतिका हुन्छन्।

प्रस्तुत सन्दर्भमा अपाङ्गता भएका बालबालिकाहरुको आवश्यकतालाई ध्यानमा राखेर समावेशिता र जवाफदेहिता सुनिश्चित गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग पुगोस भन्ने उद्देश्य राखी यो पुस्तिका तयार गरिएको छ।

# अपाङ्गताको परिभाषा र वर्गीकरण

अपाङ्गताको परिभाषा सबै स्थान र परिवेशमा एकै ढंगबाट नगरिएको हुनसक्छ। किनकी यसलाइ हेर्ने दृष्टिकोण र यसका बारेमा हुने बुझाइ स्थान विशेषअनुसार फरक फरक हुनसक्छ। विगतमा यसलाई भाग्य वा कर्मको खेलका रुपमा लिने प्रचलन पनि नभएको होइन। सयमअनुसार यस्ता बुझाइमा क्रमशः फरक आइरहेको छ। खासगरी संयुक्त राष्ट्र संघ र विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरुमा यसका बारेमा भएका बहस, अन्तरक्रिया, सन्धी, समझदारी र सम्झौताहरुले अपाङ्गता भएका व्यक्तिहरुलाई बुझ्ने, हेर्ने र राज्यले लिने नीतिका बारेमा समान धारणा विकास हुने क्रम बढेको देखिन्छ। यसको आधारमा अपाङ्गतालाई परिभाषित गर्ने, वर्गीकरण गर्ने, आवश्यकता एकिन गर्ने र त्यसलाई सम्बोधन गर्ने दृष्टिकोणमा समरुप देखिन थालेको छ।

नेपालको सन्दर्भमा अपाङ्गतालाई सजिलोसँग बुझ्नका लागि अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ ले सजिलो बनाएको छ। यस ऐनका अनुसार अपाङ्गता भएका असहाय व्यक्ति भन्नाले आफ्नो सम्पत्ति नभएका, स्याहार सुसार गर्ने परिवारका सदस्य वा संरक्षक नभएका वा आफै रोजगार गरी जीवनयापन गर्न नसक्ने अपाङ्गता भएका व्यक्ति सम्झनु पर्छ। यसका साथै अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा ईन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगले समाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ भने उल्लेख गरेको छ।

नेपालको सन्दर्भमा उक्त ऐनले गरेको अपाङ्गताको वर्गिकरण देहाय बमोजिम गरेको छ :

**(क) शारीरिक अङ्ग वा प्रणालीमा भएको समस्या तथा कठिनाइको आधारमा अपाङ्गता भएका व्यक्तिः**

१. शारीरिक अपाङ्गताः स्नायु, मासंपेशी र जोर्नी तथा हड्‌डीको बनावट एवं सञ्चालनमा समस्या भएको कारणबाट कुनै व्यक्तिको अङ्गको सञ्चालन, प्रयोग र हिँडडुलमा समस्या (जस्तैः बाल पक्षघात पोलियो), शारीरिक अङ्गविहीन, कुष्ठप्रभाव, मांसपेशी विचलन मस्कुलर डिस्ट्रोफि), जोर्नी र मेरूदण्डसम्बन्धी स्थायी समस्या, क्लवफिट पैताला फर्केको, रिकेट्स हड्‌डीसम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता) तथा सोह्र वर्ष उमेर पुगेको व्यक्तिमा उमेरबमोजिम हुनुपर्ने औसत उचाईभन्दा ज्यादै कम उचाई भएको व्यक्ति ।

२. दृष्टिसम्बन्धी अपाङ्गताः दृष्टिसम्बन्धी देहायको समस्याबाट कुनै व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार, रूप र रङ्गको ज्ञान नहुने ।

- दृष्टिविहीनताः औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि दुबै आँखाले हातको औंला दश फिटको दूरीबाट छुट्याउन नसक्ने वा स्नेलेन चार्टको पहिलो लाइनको अक्षर ९३ र ६०० मा पढ्न नसक्ने व्यक्ति ।
- न्यूनदृष्टियुक्तः औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि बीस फिटको दूरीबाट हातको औंला छुटयाउन नसक्ने वा स्नेलेन चार्टको चौथो लाइनको अक्षर ९६ र १८० मा पढ्न नसक्ने ।
- पूर्ण दृष्टिविहीनः पूर्ण रुपमा उज्यालो वा अँध्यारो छुट्याउन नसक्ने व्यक्ति ।

३. सुनाइसम्बन्धी अपाङ्गताः सुनाइका अङ्गको बनावट एवं स्वरको पहिचान, स्थान, उतारचढाव तथा स्वरको मात्रा र गुण छुट्याउन नसक्ने,

- बहिराः असी डेसिबलभन्दा माथिको ध्वनि सुन्न नसक्ने वा सञ्चारका लागि सांकेतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्ति ।
- सुस्तश्रवणः सुन्नलाई श्रवण यन्त्र राख्नुपर्ने वा पैंसठी देखि असी डेसिबलसम्मको ध्वनि सुन्न सक्ने व्यक्ति ।

४. श्रवण दृष्टिविहीन अपाङ्गताः सुनाइसम्बन्धी र दृष्टिसम्बन्धी दुवै अपाङ्गता भएको वा दुईवटा इन्द्रिय सम्बन्धी अपाङ्गताको संयुक्त अन्तरक्रिया रहेको व्यक्ति ।

५. स्वर र बोलाइ सम्बन्धी अपाङ्गताः स्वर र बोलाइ सम्बन्धी अङ्गमा उत्पन्न कार्यगत सीमितताका कारण तथा बोल्दा स्वरको उतार चढावमा कठिनाइ, बोली स्पष्ट नहुने, बोल्दा शब्द वा अक्षर दोहोऱ्याउने व्यक्ति ।

६. मानसिक वा मनोसामाजिक अपाङ्गताः मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना, अभिमुखीकरण, स्फुर्ति स्मरणशक्ति, भाषा, गणनाजस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थिति अनुसार व्यवहार गर्न समस्या हुने अवस्थाको व्यक्ति ।

७. बौद्धिक अपाङ्गताः उमेरको वृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति (जस्तोः डाउन्स सिन्ड्रोम समेत) ।

८. अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गताः अनुवंशीय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने शारीरिक अवस्थाको व्यक्ति ।

९. अटिज्म सम्बन्धी अपाङ्गताः जन्मजात नशा वा तन्तुको विकास र सोको कार्यमा आएको समस्या भएको व्यक्ति । (जस्तोः सञ्चार गर्न, सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाई हुने तथा उमेरको विकाससँगै सामान्य व्यवहार नदेखाउनु, अस्वभाविक प्रतिक्रिया देखाउनु, एउटै क्रिया लगातार दोहोऱ्याइ रहनु, अरूसँग घुलमिल नहुनु वा तीव्र प्रतिक्रिया गर्ने व्यक्ति) ।

१०. बहुअपाङ्गताः एउटै व्यक्तिमा माथि उल्लिखित दुई वा दुईभन्दा बढी प्रकारका अपाङ्गताको समस्या भएको व्यक्ति । (जस्तैः मस्तिष्क पक्षघात आदि) ।

**(ख) अशक्तताको गम्भीरताका आधारमा अपाङ्गताको वर्गिकरण**

१. पूर्ण अशक्त अपाङ्गता: आफ्नो दैनिक क्रियाकलाप सम्पादन गर्न निरन्तर रुपमा अरुको सहयोग लिँदा पनि कठिनाइ हुने अवस्थाको व्यक्ति ।

२. अति अशक्त अपाङ्गता: वैयक्तिक क्रियाकलाप सम्पादन गर्न तथा सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तर रुपमा अरुको सहयोग लिनुपर्ने अवस्थाको व्यक्ति ।

३. मध्यम अपाङ्गता: भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा वा तालिम भएमा अरुको सहयोग लिई वा नलिई नियमित रुपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति ।

४. सामान्य अपाङ्गता: सामाजिक तथा वातावरणीय अवरोध नभएमा नियमित रुपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति ।

माथि दिइएका परिभाषामा सबैको बुझाई समान प्रकृतिको बनोस भन्ने उद्देश्यले कतिपय शब्दावलीहरुलाई ऐनले थप व्याख्या गरेको छ, पुनः परिभाषित गरेको छ । यस क्रममा शारीरिक अङ्गहरूको बनौट र कार्य भन्नाले शरीर सञ्चालनसम्बन्धी, दृष्टिसम्बन्धी, स्वर र सुनाइसम्बन्धी, मानसिक, मांसपेशी र स्नायुसम्बन्धी र अन्य प्रणालीका अङ्ग र कार्यलाई जनाउँछ भनेर उल्लेख गरिएको छ भने नियमित दिनचर्याका कार्यहरु र सामाजिक जीवनक्षेत्रमा सहभागिता भन्नाले व्यक्तिको सिकाइ, दैनिक काम, सञ्चार, चलफिर, स्वयम् हेरचाह, घरेलु जीवन अन्तरक्रिया, समाहित शिक्षा, रोजगारी, सामुदायिक एवं नागरिक जीवनका क्षेत्रका कार्यहरू र सहभागितालाई जनाउँछ । साथै विद्यमान सामाजिक एवम् भौतिक वातावरणबाट सिर्जित अवरोध भन्नाले मनोसामाजिक, प्रविधि, प्राकृतिक तथा मानव निर्मित वातावरण, धारणागत, सेवाप्रणाली र नीतिहरूबाट सिर्जना भएको अवरोधलाई जनाउँछ भने सहभागिता, सुविधा तथा प्रतिनिधित्व समेतका लागि बौद्धिक अपाङ्गता र पूर्णअशक्तता भएका अपाङ्ग व्यक्तिहरूका हकमा आमा, बाबु वा प्रत्यक्षरूपमा पालनपोषणमा संलग्न व्यक्तिलाई परिवारका सदस्य वा सरोकारवाला मानिनेछ ।

# विश्वपरिवेशमा अपाङ्गता

माथि उल्लेख गरिएझैं विगतमा अपाङ्गतालाई हेर्ने र बुझ्ने दृष्टिकोण स्थान विशेषमा आधारित रहेको थियो । जब सन् १९४८ मा संयुक्त राष्ट्र संघले मानव अधिकारका सम्बन्धमा विश्वव्यापी घोषणापत्र जारी गर्‍यो त्यसपछि मात्र अन्तर्राष्ट्रिय परिवेशमा अपाङ्गता भएका व्यक्ति, उनीहरुका आवश्यकता र अधिकारका बारेमा समानरुपको बुझाई विकास गर्ने ढंगबाट बहसहरु प्रारम्भ भएका हुन् । यसले अपाङ्गता भएका व्यक्तिका अधिकारहरुलाई कुनै न कुनै रूपमा स्वीकार गर्नु पर्ने बाध्यता सदस्य मुलुकहरुमा आएका भन्दा पनि हुन्छ । यो एक किसिमको कानूनी बन्धन थियो, नैतिक बाध्यता थियो । यसपश्चात विभिन्न सम्मेलनहरुले एक एक गर्दै ईंटा थप्ने काम हुँदै गएको इतिहासबाट ज्ञात हुन आउँछ ।

यस कममा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि १९६० मा जारी गरिएको घोषणापत्रलाई सम्झनु पर्ने देखिन्छ किनकी यसले अपाङ्गता सवाललाई अन्तर्राष्ट्रिय जगतमा संस्थागत रूपमा पहिलो पटक सम्बोधन गर्ने प्रयास गर्‍यो । यसै सन्दर्भमा सन् १९७१ मा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी घोषणापत्र ल्याइयो भने सन् १९७५ मा अपाङ्गता भएका व्यक्तिका अधिकारहरूलाई प्राथमिकता दिन अर्को छुट्टै घोषणापत्र जारी गरियो । अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी कामहरूलाई थप प्रष्ट बनाउनका लागि संयुक्त राष्ट्र संघले सन् १९८१ लाई अपाङ्गता भएका व्यक्तिको अन्तर्राष्ट्रिय वर्षको रूपमा घोषणा गर्‍यो । सन् १९८२ मा अपाङ्गता भएका व्यक्तिको विकास र सशक्तिकरणको लीाग काम गर्न विश्व कार्ययोजना (The World Program of Action Concerning Disabled Persons) जारी गरियो ।

अपाङ्गता भएका व्यक्तिहरूका लागि विश्वमञ्चमा भएका प्रयास र गतिविधि हरुलाई सिलसिलेवार ढंगबाट देहाय बमोमिज उल्लेख गर्न सकिन्छ :

- संयुक्त राष्ट्रसंघले सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणा गरे पश्चात सुस्तमनस्थिति भएका व्यक्तिहरु लागि सन् १९७१ मा र अपाङ्गता भएका व्यक्तिहरुका लागि सन् १९७५ मा मानव अधिकारको प्रत्याभूति हुने दस्तावेजको घोषणा गरेको पाइन्छ ।
- सन् १९८२ देखि १९९२ को दश वर्षको समय सीमा तोकी अपाङ्गता भएका व्यक्तिहरूको दशक घोषणा गरी कार्यान्वयनमा ल्याइयो । अपाङ्गता दशक र विश्व कार्यक्रमको समीक्षाका लागि सन् १९८२ मा स्विडेनको स्टकहोममा भएको पहिलो अन्तर्राष्ट्रिय समीक्षाको समयमा विश्वभरि अपाङ्गताको सवालमा एकै किसिमको प्रगति हुन नसकेको कारणले गर्दा अपाङ्गताको सवालमा महासन्धिको आवश्यकताको महसुस उक्त समयमा गरिएको थियो । महासन्धिको महसुस र सुरुवात सन् १९९२ मा सयुंक्त राष्ट्रसंघको महासभाले अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित विश्व कार्यक्रम पारित गऱ्यो ।
- सन् १९८९ मा संयुक्त राष्ट्र संघले पारित गरेको बालअधिकारसम्बन्धी महासन्धीमा अपाङ्गता भएका बालबालिकाका समेत केहि अधिकारहरू समेटिए ।
- सन् १९९० मा थाइल्याण्डको जोम्टेनमा भएको सबैको लागि शिक्षा सम्बन्धी विश्व सम्मेलनले जारी गरेको घोषणापत्र र सन् २००० मा सेनेगलको डकारमा भएको शिक्षा सम्बन्धी विश्व सम्मेलनले अवलम्बन गरेको १५ वर्षे कार्ययोजनाले अपाङ्गता भएका बालबालिकाको शिक्षाको अधिकारलाई पनि सम्बोधन गरेको थियो ।
- सन् १९९३ मा संयुक्त राष्ट्र संघले पुनः अपाङ्गता भएका व्यक्तिका अधिकारहरूलाई थप सम्बोधन गर्दै अवसर समान्यीकरण सम्बन्धी प्रामाणिक नियमहरू जारी गऱ्यो । यो नियम एक प्रकारले नरम प्रकृतिको कानुन जस्तै थियो । यस कानुनले पहिलो पटक अपाङ्गतालाई विकासको सवालसँग जोड्दै अपाङ्गता भएका व्यक्तिलाई विकासका वाहक तथा लक्षित समुह दुवैको रूपमा परिभाषित गरेको थियो ।
- सन् १९९१ मा सयुंक्त राष्ट्र संघले मानसिक स्वास्थ्य उपचार सम्बन्धी सिद्धान्त अगिंकार गऱ्यो । यसैगरी १९९३ मा सयुंक्त राष्ट्र संघको महासभाले अपाङ्गता भएका व्यक्तिहरूको अवसरको समान्यीकरण सम्बन्धी प्रमाणिक नियमहरू पारित गऱ्यो ।

## *अपाङ्गतासम्बन्धी संयुक्त राष्ट्र  संघको महासन्धि*

अपाङ्गताको सवाललाई मूल प्रवाहीकरणमा ल्याउन र सबै अधिकारलाई एकत्रित गरी कार्यान्वयनको लागि बाध्यात्मक परिस्थितिको सिर्जना गर्नका लागि अपाङ्गता सम्बन्धी महासन्धि तयार गर्न संयुक्त राष्ट्र संघले सन् २००१ मा महासन्धि मस्यौदा समिति गठन गऱ्यो । उक्त समितिले सन् २००२ मा पहिलो बैठक बसी महासन्धिको खाका तयार पारेको थियो । यस समितिको २५ अगस्ट २००६ मा भएको आठौं बैठकले महासन्धि र महासन्धिको ऐच्छिक आलेखको अन्तिम मस्यौदा पारित गरी सयुंक्त राष्ट्र संघमा औपचारिक रूपमा मस्यौदा पेश गरेको थियो । यस महासन्धि र ऐच्छिक आलेखको मस्यौदालाई सयुंक्त राष्ट्र संघको महासभाबाट १३ डिसेम्वर २००६ मा सर्वसम्मत ढंगबाट पारित गरिएको थियो, जसमा हस्ताक्षर र अनुमोदन गर्नका लागि ३० मार्च २००७ बाट संयुक्त राष्ट्र संघको न्युयोर्कस्थित मुख्यालयमा खुल्ला गरिएको थियो । यी प्रकृया पश्चातमात्र यसलाई कार्यान्वयनमा ल्याइएको थियो ।

यस महासन्धिमा ५० वटा धारा छन् भने ऐच्छिक आलेखमा १८ धारा रहेका छन् । महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूलाई छुट्टै नयाँ अधिकार सिर्जना गर्नु भन्दा पनि यस भन्दा अगाडि घोषित र कार्यान्वयनमा आएका मानव अधिकारका दस्तावेजहरूलाई एकिकृत गरी सबै सदस्य मुलुकहरुका लागि यसलाई अँगिकार गर्नका लागि एक बाध्यात्मक अवस्थाको सृजना गरेको छ । त्यसैले यस महासन्धिलाई एक्काइसौं सताव्दीको मानव अधिकार सम्बन्धी नवीनतम दस्तावेज भन्ने पनि गरिन्छ । महासन्धिका सिद्धान्तहरू निम्न अनुसार रहेका छन् ।

- नैसर्गिक, मर्यादा र आफ्नो विषयमा निर्णय गर्न पाउने स्वतन्त्रता सहितको स्वशासन र व्यक्तिको स्वतन्त्रताको सम्मान,
- गैरभेदभाव,
- समाजमा पूर्ण र प्रभावकारी सहभागिता र समावेशीकरण,
- मानवीय विविधता र सम्पूर्ण मानवताको एक भागको रूपमा अपाङ्गता भएका व्यक्तिहरूको फरक क्षमताको सम्मान तथा स्वीकारोक्ति,
- अवसरमा समानता,

- पहुँच युक्तता,
- महिला र पुरुषबीचमा समानता र
- अपाङ्गता भएका बालबालिकाहरूको क्रमिक रूपले विकसित क्षमता तथा उनीहरूको आफ्नो पहिचानको संरक्षण गर्न पाउने अधिकार माथिको सम्मान ।

यस महासन्धिले मुख्य रुपमा अपाङ्गता भएका व्यक्तिहरूलाई प्रष्ट रूपमा दिएका अधिकारहरूमा भेदभावरहित ढङ्गले कानुनका अगाडि समानता, व्यक्तिको जीवन, स्वाधीनता र सुरक्षाको अधिकार, कानून र कानुनी समताको अगाडि समान मान्यता, यातनाबाट मुक्ति, शोषण, हिंसा र दुर्व्यवहारबाट उन्मुक्ति, शारीरिक र मानसिक अखण्डताको सम्मानको अधिकार, गमनशिलता (हिडडुल) राष्ट्रियताको स्वतन्त्रता, समुदायमा बसोवास गर्न पाउने अधिकार, विचार अभिव्यक्तिको स्वतन्त्रता, गोपनीयताको सम्मान, घर तथा परिवारप्रतिको सम्मान, शिक्षाको अधिकार, कामको अधिकार, उचित जीवनस्तरको अधिकार, राजनीतिक र सार्वजनिक जीवनमा भाग लिन पाउने अधिकार, सांस्कृतिक जीवनमा भाग लिने अधिकार, व्यक्तिगत स्वतन्त्रता र छनौटको अधिकार तथा स्वावलम्वी जीवन पद्धतीमा बाँच्न पाउने जस्ता अधिकारहरु रहेका छन् ।

उल्लेखित घोषणापत्र, कार्यक्रम र नियमहरूलाई नै आधार बनाएर विकसित देशहरूमा अपाङ्गता भएका व्यक्तिका अधिकार सुनिश्चितताको लागि र उनीहरूलाई समानरूपमा मानव अधिकारको प्रत्याभूति गर्न निकै राम्रो काम गरेको भए तापनि विकासशील, विकासोन्मूख, अविकसित तथा अल्प विकसित देशहरूमा भने आशातित रूपमा परिणामहरू आउन सकेका छैनन् । मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौताहरूले सबैलाई समान रूपमा अधिकारहरू प्रदान गरेको भए तापनि यी अधिकारहरू अपाङ्गता भएका व्यक्तिको हकमा वास्तिवक जीवनमा चरितार्थ हुन नसकेको पक्ष विभिन्न अध्ययन तथा अनुसन्धानहरुले देखाइ रहेका छन् । यस्ता मुलुकहरु एकातिर स्रोत र साधनको अभावका रहेका छन् भने अर्कोतिर वाध्यकारी कानुनी व्यवस्थाहरूको अभावले गर्दा पनि गर्नुपर्ने कानूनी पूर्वाधारको निर्माण हुन सकेको छैन्, अपाङ्गता वा अपाङ्गता भएका व्यक्तिका सवालहरू प्राथिमकतामा पर्न सकेका छैनन् । कतिपय अवस्थामा भएका कामहरु पनि अपर्याप्त छन् ।

# अपाङ्गतासम्बन्धमा एशिया प्रशान्तक्षेत्रमा भएका प्रयासहरू

अपाङ्गता वा अपाङ्गता भएका व्यक्तिका सवालहरूलाई बुझ्ने र सम्बोधन गर्ने काममा विश्वमा एकरुपता नभए जस्तै एशिया प्रशान्तक्षेत्रमा पनि विविधताहरु रहेका छन् । यस क्षेत्रमा समान बुझाइ र सम्बोधनको काम हुन सकोस भन्ने आशयले क्षेत्रीय स्तरमा केहि कामहरु भएका छन् जसलाई देहाय बमोजिम उल्लेख गर्न सकिनछ ।

एशिया तथा प्रशान्त क्षेत्रमा अपाङ्गता अधिकारलाई प्रवर्द्धन गर्नका लागि राष्ट्र संघीय निकाय एशिया तथा प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक आयोग (ESCAP) को भूमिका महत्वपूर्ण छ । यसले यस क्षेत्रमा अपाङ्गता भएका व्यक्तिको अधिकार प्रवर्द्धनका लीग छुट्टै नीति, योजना र रणनीतिहरु निर्माण गरेर काम गर्न १९९२ देखि शुरु गरेको हो । यसै क्रममा २३ अप्रील १९९२ मा १९९३ देखि २००२ सम्मको अवधिलाई यस क्षेत्रका लागि विभिन्न कार्यक्रम र नीतिहरु सहित अपाङ्गता सम्बन्धी पहिलो क्षेत्रीय दशकको रूपमा घोषणा गरेर मनाउनका लागि आव्हान गरेको थियो । यसैगरी सन् २००२ मा अपाङ्गता भएका व्यक्तिका लागि समावेशी, अवरोधमुक्त र अधिकारमा आधारित समाज भन्ने नाराका साथ नयाँ नीति र कार्ययोजना सहित पुन २००३ देखि २०१२ को अवधिलाई एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिको विस्तारित दशकको रूपमा घोषणा गरी काम गर्ने काममा अग्रसरता लियो ।

यसै क्रममा युएन स्यापको आयोजनामा एशिया तथा प्रशान्त क्षेत्रका सदस्य र सह सदस्य रहेको सरकार प्रमुख र नागरिक समाजका प्रतिनिधिहरू दक्षिण कोरियाको इन्च्योन शहरमा (२९ अक्टोबर २०१२ देखि २ नोभेम्वर २०१२)

भेला भई २००३ देखि २०१२ सम्म क्षेत्रीय दशक मनाउने क्रममा भए गरेका कार्य र हासिल गरिएका प्रगतिका बारेमा समीक्षा भयो । सोहि सम्मेलनले आगामी समयमा महासन्धिको कार्यान्वयनलाई मुख्य उद्देश्य बनाई सन् २०१३ देखि २०२२ सम्मको अवधिका लागि १० ओटा प्रमुख लक्ष्य, २७ ओटा मुख्य अपेक्षित उपलब्धीहरू र ६४ ओटा मापनयोग्य सूचकहरू सहितको १० वर्षे क्षेत्रीय रणनीतिको घोषणा गरिएको थियो । Make the Rights Real भन्ने मुख्य नाराका साथ घोषणा गरिएको यस रणनीतिलाई इन्च्योन रणनीति भनेर नामाकरण गरिएको छ ।

# विश्वपरिवेशमा अपाङ्गताको अवस्था

संसारभर इतिहासको प्रारम्भदेखि दया, भाग्यवाद र करुणाको रूपमा हेरिने अपाङ्गताको सवालमा क्रमशः परिवर्तन भई यसलाई अधिकार र विकासको सवालको रूपमा परिभाषित भइ रहेको छ। अपाङ्गताको सवाललाई अन्तर्राष्ट्रिय जगतमा नै संवेदनशिल विषयको रुपमा लिन थालिएको भने त्यति धेरै भएको छैन्। दोस्रो विश्वयुद्धपश्चात घाइते सैनिकहरूलाई उपचारको सुरुवात गर्ने क्रममा अपाङ्गताको सवालले प्राथमिकता पाउन थालेको पनि देखिन्छ। संयुक्त राष्ट्र संघले पनि सन् १९६० को दशकदेखि मात्र यो सवाललाई अत्यन्तै संवेदनशिलताकासाथ हेर्न थालेको हो। हालका दिनमा यस विषयलाई विकास क्षेत्रमा प्रमुख मुद्दाको रूपमा हेरिने कार्य शुरु भएको छ। तर भएका प्रयासहरु पर्याप्त भने छैनन्। जसको कारणले अपाङ्गताको संख्यामा सधै अनुमानको भरमा चल्नु पर्ने देखिन्छ। एकिन तथ्याङ्क छैन भन्दा पनि हुन्छ।

विश्वमा अपाङ्गताको सख्या खन्डीकृत रूपमा कति छन् भन्ने एकिन नभए पनि हाल करिव ६ करोड ५० लाख भन्दा बढीको सख्यामा अपाङ्गता भएका मानिसहरू संसारभरी बसोवास गर्दछन भन्ने सयुंक्त राष्ट्र संघको भनाइ रहेको छ। सरसर्ती हेर्दा यो तथ्याङ्क निकै अपत्यारिलो लाग्न सक्छ, तर वास्तविकता यहि नै हुन सक्छ। अपाङ्गता र गरीबीको प्रत्यक्ष सम्बन्ध छ भन्ने कुरा विभिन्न तथ्याङ्कहरूले देखाएका पनि छन्। अपाङ्गता र गरीबीको कुरा गर्दा संसारका कुल मानिसहरूमा करिव २० प्रतिशत गरीबी भोग्ने मानिसहरू अपाङ्गता भएका व्यक्तिहरू नै पर्न आउँदछन् भन्ने विषयलाई पनि सम्झनु पर्ने हुन्छ।

सन् २०११ मा विश्व वैंक र विश्व स्वास्थ्य संगठनद्वारा प्रकाशित अपाङ्गता सम्बन्धी विश्व प्रतिवेदनले जनाएअनुसार संसारको कुल जनसंख्याको १५

प्रतिशत मानिसहरूमा कुनै न कुनै रूपमा अपाङ्गता रहेको छ । अपाङ्गता भएका व्यक्तिहरुको कुल जनसंख्याको ८० प्रतिशत गरीब तथा अल्प विकसित देशमा बस्छन् जसमध्ये २० प्रतिशत भन्दा बढी गरीवीको रेखामुनी रहेका छन् । सामाजिक विभेद तथा उपेक्षा, आधारभूत सेवा सुविधामा न्यून पहुँच, अवरोधयुक्त भौतिक संरचना, प्रणाली र सुविधाहरू, मानव अधिकारहरूको उपयोगमा अवरोध, विभेदकारी नियम, कानुन र अभ्यासहरू र निर्णय प्रकृयामा सहभागी हुन नपाउने अवस्था अपाङ्गता सम्बन्धी विषयका साझा सवालहरू हुन् जसको मात्रा विकसित मुलुकमाभन्दा अल्प विकसित मुलुकमा बढी छ ।

अहिले पनि विश्वभरि करिब ९८ प्रतिशत अपाङ्गता भएका बालबालिका विद्यालय जाँदैनन् । जसको ठूलो संख्या विकासोन्मुख र अल्पविकसित मुलुकमा पर्छन् । ससारमा जन्मने कुल बालबालिकाहरूमध्ये ३० प्रतिशत बालबालिका कुनै न कुनै किसिमको अपाङ्गता लिएर बाँच्ने गर्दछन् । अपाङ्गता भएका व्यक्तिहरूमा प्रौढ साक्षरता ३ प्रतिशत भन्दा कम रहेको छ भन्ने अर्को अनुमान रहेको छ ।

# नेपालको सन्दर्भमा अपाङ्गता

संयुक्त राष्ट्र संघको सदस्य मुलुक भएको नाताले यससँग सम्बन्धित र विभिन्न क्षेत्रीय एवम् द्विपक्षीय तथा बहुपक्षीय मञ्चहरुमा नेपालले अपाङ्गता सम्बन्धी नीति, कार्यक्रम र रणनीतिहरूमा आफ्नो पूर्ण प्रतिवद्धता जनाउँदै आएको छ । यस्ता मञ्चहरुमा सक्रिय सहभागिता बनाउँदै पनि आएको छ । आफ्ना नस्सत, कानून र कार्यक्रमहरु सोहि प्रतिवद्धता बमोजिम क्रमशः सुधार गर्दै पनि लगिरहेको छ ।

नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण र प्रवर्द्धन गर्नका लागि संविधानमा नै विभिन्न व्यवस्था भइ आएको छ । नयाँ संविधान बमोजिमको अपाङ्गतासम्बन्धी विषयका सवाल सम्बोधन गर्न ऐन जारी भई सकेको छ । अपाङ्गताको परिभाषा, वर्गिकरण र राज्यका तर्फबाट गर्नुपर्ने कार्यका बारेमा ऐनमा नै व्यवस्था गरिएका छन् । कार्यक्रम कार्यान्वयनमा लागि विभिन्न संरचना र निकायहरु खडा गरिएका छन् । विभिन्न संघसंस्थाहरुसँग सहकार्य पनि भई आएका छन् । नेपालको सन्दर्भमा यस क्षेत्रमा रहेको अवस्था देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

## *संवैधानिक व्यवस्था*

नेपालको संविधान २०७२ मा गरिएका कतिपय व्यवस्थाहरु अपाङ्गतासँग प्रत्यक्ष सम्बन्ध राख्ने खालका छन् अर्थात यसका सबालहरु प्रत्यक्षरुपमा सम्बोधन गर्न सहयोग गर्ने खालका छन् भने कतिपय प्रावधानहरुले अप्रत्यक्ष ढंगबाट सहयोग गर्ने प्रकृतिका छन् । प्रत्यक्ष र अप्रत्यक्ष सम्बन्ध राख्ने यस्ता संवैधानिक प्रावधानहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

क) संविधानको धारा १८ मा समानताको हकका बारेमा उल्लेख गरिएको जसले यस विषयका सबाललाई सम्बोधन गर्न सहयोग गर्न सक्छ ।

(१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

ख) संविधानको धारा २४ मा छुवाछूत तथा भेदभाव विरुद्धको हकका बारेका उल्लेख गरिएको छ ।

(१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन ।

(३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

(५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

ग) संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक देहाय बमोजिम उल्लेख गरिएको छ ।

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

(३) अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

घ) संविधानको धारा ३९ मा बालबालिकाको हकसम्बन्धमा देहाय बमोजिम उल्लेख गरिएको छ

(९) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

ङ) संविधानको धारा ४० मा दलितको हकका सम्बन्धमा देहाय बमोजिम उल्लेख गरिएको छ ।

(१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।

(५) राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्नेछ ।

(६) राज्यले आवासविहीन दलितलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्नेछ ।

(७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ ।

च) संविधानको धारा ४२ मा सामाजिक न्यायको हकका सम्बन्धमा देहाय बमोजिम उल्लेख गरिएको छ ।

(१) सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ ।

(३) अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ ।

(५) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा,

द्वन्द्वपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ ।

छ) संविधानको धारा ४३ मा सामाजिक सुरक्षाको हकका सम्बन्धमा देहाय बमोजिम उल्लेख गरिएको छ ।

- आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

ज) यसैगरी भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरुका बारेमा उल्लेख गरिएका छन्, जुन देहाय बमोजिम रहेका छन् ।
५१. राज्यका नीतिहरू : (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति : (१४) यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने,

झ) भाग-८ संघीय व्यवस्थापिकाअन्तर्गत अपाङ्गताका सम्बन्धमा देहाय बमोजिम उल्लेख गरिएको छ ।
(२) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । त्यसरी

उम्मेदवारी दिंदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ । स्पष्टीकरण : यस उपधाराको प्रयोजनका लागि “खस आर्य” भन्नाले क्षेत्री, ब्राम्हण, ठकुरी, संन्यासी (दशनामी) समुदाय सम्झनु पर्छ । (३) उपधारा (२) बमोजिम राजनीतिक दलले उम्मेदवारी दिंदा अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्नेछ ।

धारा ८६ मा राष्ट्रिय सभाको गठन र सदस्यहरूको पदावधिका सम्बन्धमा यसरी उल्लेख गरिएको छ । (२) राष्ट्रिय सभामा देहाय बमोजिमका उनान्साठी सदस्य रहनेछन् :- (क) प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा संघीय कानून बमोजिम प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक सहित आठ जना गरी निर्वाचित छपन्न जना,

ञ) संविधानको भाग-१४ प्रदेश व्यवस्थापिका, धारा १७६ मा प्रदेश सभाको गठन सम्बन्धमा देहाय बमोजिम उल्लेख गरिएको छ ।
(६) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिंदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ । स्पष्टीकरण : यस भागको प्रयोजनका लागि “खस आर्य” भन्नाले क्षेत्री, ब्राम्हण, ठकुरी, संन्यासी (दशनामी) समुदाय सम्झनु पर्छ ।
(७) उपधारा (६) बमोजिम राजनीतिक दलले उम्मेदवारी दिंदा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्नेछ ।

ट) संविधानको भाग २७ मा विभिन्न आयोगहरुको व्यवस्था गरिएको छ जसमा अपाङ्गतासँग सम्बन्धित आयोगहरु देहाय बमोजिम रहेका छन् :

- धारा २५८ मा राष्ट्रिय समावेशी आयोगको व्यवस्था अन्तर्गत ६) देहायको योग्यता भएको व्यक्ति राष्ट्रिय समावेशी आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्ति हुन योग्य हुनेछ :- (क) कम्तीमा दश वर्ष सामाजिक समावेशीकरण, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सीमान्तकृत समुदाय तथा पिछडिएको क्षेत्र र वर्गको हक हित वा विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको, (ख) अध्यक्षको हकमा मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरेको, (ग) पैंतालिस वर्ष उमेर पूरा गरेको, (घ) नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, र (ङ) उच्च नैतिक चरित्र भएको ।
- धारा २५९ मा राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकारअन्तर्गत (१) राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :- (क) खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवं सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रूपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षणका लागि अध्ययन तथा अनुसन्धान गर्ने, (ख) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको समावेशीकरणका लागि नेपाल सरकारले अवलम्बन गरेको नीति तथा कानूनको कार्यान्वयन अवस्थाको अध्ययन गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने, (ग) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको राज्य संयन्त्रमा उचित प्रतिनिधित्व भए नभएको अध्ययन गरी त्यस्तो समुदाय, वर्ग र क्षेत्रको प्रतिनिधित्वका लागि गरिएको विशेष व्यवस्थाको पुनरावलोकन गर्न नेपाल सरकारलाई सुझाव दिने, (घ) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको संरक्षण, सशक्तीकरण र विकास सन्तोषजनक भए नभएको अध्ययन गरी भविष्यमा अवलम्बन गर्नु पर्ने नीतिको सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

ठ) यसैगरी अनुसूची-८ (धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित) स्थानीय तहको अधिकारको सूची १६ ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन उल्लेख गरिएको छ ।

## *नेपालमा अपाङ्गतासम्बन्धमा कानूनी व्यवस्था*

नेपाल सरकारले संयुक्त राष्ट्र संघको अपाङ्गतासम्बन्धी महासन्धिलाई ३ जनवरी २००८ मा हस्ताक्षर गरी कार्यान्वयन गर्ने प्रतिबद्धता जाहेर गरेको थियो । यस क्रममा पक्ष राष्ट्र बन्ने प्रतिबद्धता मे ७, २०१० गरेर यस महासन्धिलाई औपचारिक रूपमा अनुमोदन गरेको थियो । सरकारका तर्फबाट महासन्धि कार्यान्वयनको के कस्तो प्रगति भयो भन्ने सन्दर्भमा सन् २०१४ मा ओएचसिएचआर जेनेभामा सरकारले आफ्नो प्रतिवेदन पेश गरेको थियो ।

महासन्धि पारित गर्नु आफैमा एउटा उपलब्धि हो भने यसको प्रभावकारी कार्यान्वयन अर्को महत्वपूर्ण पक्ष हो । महासन्धि कार्यान्वयनका लागि राज्यले आफ्नो तर्फबाट विभिन्न दायित्वहरू बहन गर्नु पर्छ । मुलुकले अपाङ्गता भएका व्यक्तिहरूको अवसरको समानताको सुनिश्चितता गर्दै अपाङ्गता अनुसारका सेवा सुविधा र अधिकारहरू प्रदान गर्नुपर्छ । नयाँ कानून निर्माण गर्नुपर्छ, भएका कानूनहरूलाई अपाङ्गतामैत्री बनाउनु पर्छ । यी र यस्तै धेरे विषयहरु राज्यको दायित्व अन्तर्गत पर्दछन् । यसै गरी महासन्धि कार्यान्वयन गर्न राज्य सरकारले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६ धारा ३३ अनुसार राष्ट्रियस्तरमा कार्यान्वयन र अनुगमनको सुनिश्चितसमेत गर्नुपर्दछ, जसका लागि अनुगमन संयन्त्र तयार गर्नु पर्दछ ।

नेपालमा अपाङ्गताको सवाललाई कानुनी रूपमा वि. स. १९०४ सालको मुलुकी ऐन संशोधन भएबाट सम्बोधन भएको पाइन्छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र विकासलाई छुट्टै कानुनको आवश्यकताको महसुस गरी विक्रम संवत २०३९ सालमा अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९

निर्माण गरी कार्यान्वयनमा ल्याइयो । यो कानुन दक्षिण एशियामा नै पहिलो कानुन थियो । यस कानुनलाई कार्यान्वयन गर्न २०५१ सालमा मात्र आएर अपाङ्ग संरक्षण तथा कल्याण नियमावली २०५१ निर्माण भई कार्यान्वयनमा आयो । यति मात्र नभई अपाङ्गताको सवाललाई नेपालको अन्तरिम संविधान, २०६३ ले पनि प्रमुख रूपमा सम्बोधन गरको थियो । अहिले आएर नेपालको संविधान २०७२ यससम्बन्धी विषयहरुलाई संवेदनशिल ठानेर सोहि बमोजिमका प्रावधानहरु उल्लेख गरेको छ । हाल विभिन्न २७ वटा कानुन अपाङ्गतासँग प्रत्यक्ष सम्बन्धित छन् । यसका अतिरिक्त अपाङ्गता भएका व्यक्तिहरूको संघ संस्थाहरूलाई सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्न महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयको तर्फबाट अनुदान दिने कार्यहरू पनि हुँदै आएका छन् ।

अपाङ्गता भएका व्यक्तिहरुका निमित्त अवसर समान्यीकरण सम्वन्धी संयुक्त राष्ट्र संघीय प्रामाणिक नियम १९९३ र एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको दशक १९९३-२००२ ले मुलकमा अपाङ्ग व्यक्तिका निमित्त निरन्तर कार्य गर्न नेपालको निरन्तर ध्यानाकर्षण गरेको छ । एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको विस्तारित दशक (२००३-२०१२), विश्व सहस्राब्दी कार्य योजना, दिगो विकास लक्ष्य आदिका आधारमा पनि मुलुकले आफ्ना नीति, कार्यकम तर्जुमा गरिरहेको छ । मुलुकमा समयबद्ध राष्ट्रिय नीति तथा कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु आवश्यक भएको हुँदा विभिन्न मन्त्रालय र सम्वद्ध निकाय, नागरिक समाज, अपाङ्ग व्यक्ति र यिनका संस्थाहरुको राय, सुझाव समेटी अपाङ्ग सम्वन्धी राष्ट्रिय नीति तथा कार्ययोजना २०६३ तयार भएको छ ।

अपाङ्गता भएका व्यक्तिहरूको भौतिक पहुँच तथा सञ्चार निर्देशिका, २०६९ मन्त्रिपरिषदबाट पारित भई कार्यान्वयनमा आएको छ । शिक्षासम्बन्धी अधिकारलाई सम्बोधन गर्न विशेष शिक्षा नीतिलाई बिस्थापित गर्दै समावेशी शिक्षा नीति, २०७४ जारी भइ सकेको छ भने शिक्षा ऐन २०२८ मा भएको

आठौं संशोधनले अपाङ्गता भएका बालबालिकाहरूको सवाल आंशिक रूपमा भए पनि सम्बोधन गर्न खोजेको छ । यसका अतिरिक्त सरकारले विभिन्न नीति नियम र निर्देशिकाहरू ल्याउने गृहकार्य गरिरहेको छ । सरकारकातर्फबाट अपाङ्गताका सबाललाई सम्बोधन गर्न जे जति प्रयासहरू भएका छन् ती प्रयासहरूलाई सकारात्मक रुपमा लिनुपर्ने देखिन्छ ।

अपाङ्गतासम्बन्धी कानूनी व्यवस्थालाई संक्षेपमा देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :

- अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ तथा अपाङ्ग संरक्षण तथा कल्याण नियमावली २०५१ ।
- नेपालले अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि, २००६ अनुमोदन ।
- निजामती ऐन,२०४९( अपाङ्गतभएका व्यक्तिहरुलाई ५ प्रतिशत आरक्षणको यवस्था) ।
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धमा समावेशी शिक्षा नीति २०७४ ।
- अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३ (नयाँ नीति तथा कार्ययोजनाको मस्यौदा तयार भएको) ।
- अपाङ्गता परिचयपत्र वितरण निर्देशिका, २०६५ ।
- सि.बि.आर. (समुदायमा आधारित पुनर्स्थापना) निर्देशिका, २०६८ ।
- अपाङ्गता भएका व्यक्तिहरुका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ ।
- अपाङ्गलाई आर्थिक सहायता सम्बन्धी निर्देशिका (शान्ति तथा पुनः निर्माण मन्त्रालय) ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई आन्तरिक हवाई यात्रामा दिइने छुट वा सहुलियत सम्बन्धी कार्यविधि, २०६३ ।
- स्थानीय सरकार सञ्चाल ऐन २०७४
- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४

- अपाङ्गता भएका व्यक्तिहरुका लागि विभिन्न व्यवस्था र सुविधाहरुको व्यवस्था गर्न बनेका माथि उल्लिखित ऐन नियमका अतिरिक्त स्थानीय स्वायत्त शासन ऐन, शिक्षा ऐन, स्वास्थ्य सेवा ऐन, आयकर ऐन, प्रेस काउन्सिल ऐन, खेलकुद विकास ऐन, प्रहरी नियमावली, सशस्त्र प्रहरी नियमावली लगायतमा बिशेष सेवा सुविधा र आरक्षणको प्रवन्ध गरिएको छ ।

माथि दिइएका सबै कानूनी औजार तथा साधनहरु अपाङ्गताका सबालहरुको सम्बोधन गर्नका लागि महत्वपूर्ण हुन्छन नै । तापनि यीमध्ये देहायका कानूनहरुले यस क्षेत्रमा अझ महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने देखिएको देहायको भागमा यीनका बारेमा मात्र चर्चा गरिएको छ ।

**क) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४**

अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरुको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तीकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक जीवनयापनको वातावरण सुनिश्चित गर्नका लागि यो ऐन बनाइएको छ ।

**ख) स्थानीय सरकार सञ्चालन ऐन २०७४**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को ११ (२) त मा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापनसम्बन्धमा देहाय बमोजिम उल्लेख गरिएको छ ।

१. संघ र प्रदेश कानूनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन,
२. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,
३. जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,

४. संघ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनस्थापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन,
५. सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुर्नस्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन,
६. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

**ग) शिक्षा ऐन २०२८ (नवौं संशोधन २०७४):**

शिक्षा ऐन २०२८ (नवौं संशोधनसहित २०७४)मा अपाङ्गतासम्बन्धमा भएको व्यवस्था देहाय बमोजिम रहेको छ :

- सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नेपाल सरकारले आवश्यक स्रोतको व्यवस्था गर्नेछ भन्ने उल्लेख गरेर सरकारका लागि बाध्यकारी अवस्था बनाउन खोजिएको छ ।
- सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन नपाउने व्यवस्था उल्लेख गरिएको छ । तर अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग विद्यालयले लिन सक्ने व्यवस्थासमेत समावेश गरेर अभिभावकलाई सहयोग गर्नुपर्छ भन्ने सन्देशसमेत दिन खोजिएको छ ।
- यसैगरी दृष्टिविहिन बालबालिकालाई ब्रेललिपिको व्यवस्था, बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था उल्लेख गरेर विशेष आवश्यकता भएका बालबालिकाहरुका लागि विशेष व्यवस्था गर्नका लागि बाटो खुला राखिएको छ ।
- विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाअन्तर्गत सरकारले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा,

दूर शिक्षा वा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ भन्ने उल्लेख गरिएको छ । यसैगरी कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन गर्न चाहेमा मन्त्रालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो  विद्यालयलाई त्यस्तो शिक्षा सञ्चालन गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ । दृष्टिविहिन, न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहिन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण दृष्टि विहिन भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ भन्ने व्यवस्थासमेत समावेश गरिएको छ ।

***योजनामा अपाङ्गता***

नेपालमा योजनावद्ध विकासको शुरुवात वि. सं. २०१३ देखि शुरु भएको हो । योजनावद्ध विकास यस समयदेखि योजनाबद्ध विकासको क्रम शुरु भएता पनि नवौं पञ्चवर्षिय योजना (२०५४ देखि २०५९) सम्म नेपालको आर्थिक र सामाजिक विकास उत्साहजनक देखिदैन । यससमयसम्म अधिकांश अपाङ्गता भएका व्यक्ति गरीवीको सिमान्त अवस्थामा रहेको पाइन्छ । यस पश्चातमात्र देश विकासको मूल प्रवाहबाट बञ्चित भएका अपाङ्गता भएका व्यक्तिहरुको अधिकारमुखी अवधारणामा आधारित यो कार्ययोजना तर्जुमा गरिएको छ । यो राष्ट्रिय नीति तथा कार्ययोजना अपाङ्ग सेवा राष्ट्रिय कार्ययोजना, २०६० को परिमार्जित रुप हो ।

अपाङ्ग सम्वन्धी सबै जसो राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रतिबद्धता, नीति, योजनाका आधारभूत विषयहरु समेटी प्रस्तुत राष्ट्रिय नीति तथा कार्ययोजना तर्जुमा गरिएको हुँदा यो लागू हुने सरकारी निर्णय पश्चात् यस अघिको राष्ट्रिय कार्य योजना, २०६० स्वतः रद्द हुनेछ । यस क्रममा चौधौं योजना (आर्थिक वर्ष २०७३/७४-२०७५/७६) मा व्यवस्था गरिएको अपाङ्गतासम्बन्धी सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिहरु देहाय बमोजिम रहेका छन् ।

- **सोच**ः सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरू सक्षम, स्वावलम्बी र आत्मनिर्भर ।
- **लक्ष्य**ः अपाङ्गताको आधारमा हुने सम्पूर्ण भेदभावहरूको अन्त्यका लागि शिक्षा, स्वास्थ्य, रोजगारीका अवसरहरूमा सहज पहुँच बढाई अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तरमा सुधार गर्ने ।
- **उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।**
    १. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई सम्मानपूर्ण र अवरोधमुक्त वातावरणमा जीवनयापनका लागि अवसर उपलब्ध गराउनु तथा सेवा सुविधाहरूमा उनीहरूको समतामूलक पहुँच बढाउनु ।
    २. अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक, सामाजिक सशक्तीकरण गर्नु ।

- **रणनीतिहरु देहाय बमोजिम रहेका छन् ।**
  १. पूर्वाधार एवम् सेवा प्रवाह गर्ने निकायहरूलाई अपाङ्गमैत्री बनाई पहुँच बढाउने ।
  २. पूर्ण अपाङ्गता भएका व्यक्तिका लागि पुर्नस्थापना कार्यक्रम सञ्चालन गर्ने ।
  ३. अपाङ्गता भएका व्यक्तिहरूको लागि रोजगारी, उद्यमशीलता तथा स्वरोजगारका अवसर प्राप्त हुने वातावरण सिर्जना गर्ने ।

- **कार्यनीतिहरु देहाय बमोजिम रहेका छन् ।**
  १. सार्वजनिक भौतिक संरचना तथा संचार सेवालाई पहुँचयुक्त र अपाङ्गतामैत्री बनाइनेछ । (१)
  २. मौजुदा सार्वजनिक संरचना, नयाँ निर्माण तथा पुनः निर्माण हुने सार्वजनिक सरोकारका निकाय, सरकारी भवन, सार्वजनिक स्थलका सेवा, सडक यातायात, शिक्षालगायतका पूर्वाधार संरचना तथा सुविधालाई अपाङ्गतामैत्री बनाउँदै लगिनेछ । (१)
  ३. अपाङ्गता भएका व्यक्तिहरूका लागि भौतिक संरचना तथा संचार सेवालाई पहुँचयुक्त बनाउन आवश्यक चेतनामूलक र पैरवी कार्यक्रम सञ्चालन गरिनेछ । (१)
  ४. अपाङ्गता भएका व्यक्तिहरूको लागि काम गर्ने गैरसरकारी संस्थाहरूको कार्यक्रमहरूको अनुगमन गरी प्रभावकारी बनाइनेछ । (१)
  ५. सुविधासम्पन्न अपाङ्गता पुनर्स्थापना केन्द्रहरूको स्थापना गरी बौद्धिक अपाङ्गता, अटिज्म भएका, पूर्ण र अति अशक्त अपाङ्गता भएका बेसहारा व्यक्तिहरूका लागि गैरसरकारी संघसंस्था एवम् निजी क्षेत्रसँगको साँझेदारीमा पुनर्स्थापना केन्द्रको स्थापना र विस्तार गर्दै लगिनेछ । (२)
  ६. समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमलाई स्थानीय निकायहरू तथा सरोकारवाला निकायको समन्वयमा थप प्रभावकारी बनाइनेछ । (२)
  ७. अपाङ्गता भएका व्यक्तिहरूको हेरचाह तथा पालनपोषण गर्न परिवारका सदस्यहरूलाई अभिप्रेरित गरिनेछ । (२)

८. अपाङ्गता भएका व्यक्तिहरूको लागि शिक्षा तथा स्वास्थ्य सेवाहरूको व्यवस्थापन गर्न परोपकारी सामाजिक संघ संस्थाहरूको सहभागितालाई प्रोत्साहन गरिनेछ । (२)

९. अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण प्रणालीलाई डिजिटाइज्ड गरिनेछ । (२)

१०. पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोगी सेवा उपलब्ध गराइनेछ । (२)

११. अपाङ्गताको प्रकृतिअनुसार सीपमूलक र व्यावसायिक तालिम प्रदान गरी रोजगारीका अवसरहरूमा पहुँच विस्तार तथा स्वरोजगारीका अवसरहरू सिर्जना गरिनेछ । (३)

१२. अपाङ्गता भएका व्यक्तिहरूको शारीरिक र मानसिक विकासका लागि खेलकुद तथा मनोरञ्जनका कार्यक्रम सञ्चालन गरिनेछ । (३)

१३. ब्रेल लिपि, डेजी वा अपाङ्गता अनुकूलको नवीनतम प्रविधिमा पढ्न पाउने अवसर सृजना गरिनेछ । (३)

## *अपाङ्गता भएका व्यक्तिहरू सम्बन्धी तथ्याङ्क*

विश्व मानचित्रमा एशियाका दुई ठूला देश चीन र भारत वीच अवस्थित नेपाल, तेश्रो मुलुकको कम विकसित देश हो । दक्षिण एशियाली क्षेत्र मध्येको १४७१८१ वर्ग कि.मि. क्षेत्रफल ओगटेको नेपाल भूपरिवेष्ठित देश हो ।

केन्द्रिय तथ्याङ्क विभागले प्रकाशित गरेको मोनोग्राफका अनुसार मुख्य मुख्य सामाजिक सूचहरुका नेपालको अवस्था देहाय बमोजिम रहेको छ :

- साक्षरता दर: ६५.९%
- प्रतिव्यक्ति आय: ७२५ डलर
- जीव जीउने दर: ६६.६ %

नेपालमा अपाङ्गता भएका व्यक्तिको वारेमा विस्तृत र खण्डीकृत तथ्याङ्क हाल कुनै पनि निकायसँग उपलब्ध छैन । वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार २ करोड ३१ लाख ५१ हजार यस मुलुकको जनसंख्या रहेको छ । नेपालमा उमेर अनुसार ०-१५ वर्ष उमेर समूहका ४१.७ प्रतिशत १६-४९ उमेर समूहका ४५.८ प्रतिशत, ५०-५९ उमेर समूहका ६.० प्रतिशत र ६० वर्ष र माथि उमेर समूहका ६.५ प्रतिशत जनसंख्याको बनोट रहेको पाइन्छ । पछिल्लो राष्ट्रिय जनगणना २०६८ मा अपाङ्गता भएका व्यक्तिको समेत गणना गर्ने सामान्य व्यवस्था गरिएको थियो । सो जनगणनाको प्रतिवेदनले जनाए अनुसार नेपालको कुल जनसंख्याको १.९४ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेका छन् ।

विश्व स्वास्थ्य संगठन र विश्व वैंक जस्ता अन्तर्राष्ट्रिय संस्थाहरुले कुल जनसंख्याको करिब १५ प्रतिशतमा कुनै न कुनै किसिमको अपाङ्गता हुन्छ भनेर अनुमान गरेको भए तापनि नेपालको राष्ट्रिय जनगणना, २०६८ ले यो संख्या १.९४ प्रतिशत मात्र रहेको देखाएको छ । कूल जनसंख्या २६४९४५०४ मध्ये ५,१३,३२१ जनामा अपाङ्गता देखिएको छ सोमध्ये अपाङ्गता भएका महिलाको संख्या २,३३,२३५ (४५ प्रतिशत) र पुरुषको संख्या २,८०,०८६ (५५ प्रतिशत) रहेको छ ।

केन्द्रीय तथ्याङ्क विभागले २०१४ मा प्रकाशन गरेको पपुलेशन मोनाग्राफ भोलुम २ का अनुसार नेपालमा कुल जनसंख्याको ०.९९ प्रतिशत (९२,०१२ जना) ० देखि १४ वर्ष सम्मका बालबालिकामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ । जसमध्ये शारीरिक अपाङ्गता ३६.१ प्रतिशत, दृष्टिविहीन १८.५ प्रतिशत, पूर्ण सुन्न नसक्ने १०.४ प्रतिशत, बोल्न नसक्ने १५.५ प्रतिशत, बहु अपाङ्गतामा ९.५ प्रतिशत, सुस्त मनस्थिति ४.५३ प्रतिशत, बौद्धिक अपाङ्गता ४.३ प्रतिशत र दृष्टि-श्रवण अपाङ्गता १.६ प्रतिशत रहको छ । अपाङ्गता भएका बालबालिकाको संरक्षण, विकासका निम्ति सरकारी तथा अन्य विकासका साँझेदार संस्थाहरुबाट विभिन्न सेवा सुविधाहरु प्रदान हुँदै आएको छ ।

शिक्षा विभागको पछिल्लो प्रतिवेदन २०७३ अनुसार आधारभूत तहमा विभिन्न प्रकारका अपाङ्गता भएका ६४ हजार ६ सय ६० (३१ हजार १ सय ३५ बालिका) बालबालिका भर्ना भएको देखिन्छ जुन जम्मा भर्ना भएका बालबालिकाको १.०८ प्रतिशत हुन आउँछ। यो संख्या अघिल्लो वर्षको भन्दा १ हजार २ सय ६० ले बढी हो । यसै गरी माध्यमिक तह (कक्षा ९ देखि १२ सम्म) मा ९ हजार ७ सय ४६ (५ हजार ३३ बालिका) अपाङ्गता भएका बालबालिका भर्ना भएका छन् जुन कूल भर्नाको ०.६७ प्रतिशत हुन आउँछ ।

सामाजिक, आर्थिक, भौगोलिक विविधता र कठिन परिस्थितिमा रहनु परेको, राष्ट्रिय विकासको मूल प्रवाहबाट अलग रहेका अपाङ्गता भएका व्यक्तिको संख्या, स्थितिबारे सही रुपमा अध्ययन अनुसन्धान गर्ने, सूचना आदान प्रदान तथा सम्प्रेषण गर्ने निकायको अभावका कारण अपाङ्ग सम्वन्धी विश्वसनिय तथ्याङ्कको अभावले गर्दा दीर्घकालीन योजना तर्जुमा र नीति निर्माणका लागि सम्वन्धित सबै पक्षहरुलाई कठिनाई भएको महशुस भएको छ । हालको सन्दर्भमा विश्व स्वास्थ्य संगठनले विकासोन्मुख देशमा अनुमान गरेको अपाङ्गहरुको जनसंख्या ७ देखि १० प्रतिशतलाई नै नेपालको सन्दर्भमा पनि आधार मान्नुपर्ने बाध्यात्मक यथार्थता छ। सन् १९८१ मा अन्तर्राष्ट्रिय अपाङ्ग वर्ष मनाउने क्रममा सर्वप्रथम नेपालमा अपाङ्गको नमूना सर्वेक्षण पनि भयो । यसबाट कुल जनसंख्याको ३ प्रतिशतमा अपाङ्गता रहेको तथ्याङ्क प्रकासमा आयो ।

अन्तर्राष्ट्रियस्तरको आंकलन र नेपालको तथ्याङ्कबीच ठूलो अन्तर छ। यसको कारण अपाङ्गताको परिभाषामा रहेको भिन्नता, अपाङ्गतालाई देखाउन नचाहने सामाजिक प्रवृत्ति र परिवेश एवं तथ्याङ्क संकलनको प्रश्नावलीमा रहेको सीमितता आदि हुनसक्छ। नेपालमा अपाङ्गता भएका व्यक्ति लामो समयदेखि सामाजिक विभेदमा परेको र सेवा सुविधा तथा अवसरमा ज्यादै कम पहुँच भएको समुहको रूपमा चिनिन्छन् । समान आधारमा समावेशी शिक्षा,

पहुँचयुक्त स्वास्थ्योपचार र सेवा, रोजगारी, स्वरोजगारी, तालिम, अपाङ्गता मैत्री सार्वजिनक सेवा, सुविधा तथा संरचना, पुनर्स्थापना, सहायक सामग्री र सहयोगी सेवा, अपाङ्गतामैत्री कानुन र निर्णय प्रकृयाहरू, विशेष सामाजिक सुरक्षा, सामाजिक भेदभाव बाट मुक्त निर्णय प्रकृयाहरुमा अपाङ्गता भएका व्यक्तिको सहभागिता जस्ता विषयहरू हाल नेपालमा अपाङ्गता भएका व्यक्तिको अधिकारका सन्दर्भमा उठिरहेका जल्दाबल्दा सवालहरु हुन्, जसले यीनीहरुको तथ्याङ्क पनि प्रभावित हुने निश्चित छ ।

विद्यालय शिक्षामा अपाङ्गता भएका बालबालिका र उनीहरुको अवस्था त्यति सन्तोषजनक नरहेको देखिन्छ । विगतमा विविध प्रयास हुँदाहुँदै पनि अपाङ्गता भएका सबै बालबालिकाको आधारभूत आवश्यकताको सुनिश्चितता गर्न सकिएको देखिएको छैन । खासगरी बौद्धिक अपाङ्गता र बहुअपाङ्गता भएका बालबालिकाका निम्ति सेवाहरु न्यून रहेको बुझिएको छ । अझ बेवारिस अवस्थामा फेला परेका बौद्धिक तथा बहुअपाङ्गता भएका बालबालिकाको संरक्षण चुनौतीपूर्ण रहँदै आएको छ ।

## *अपाङ्गता सम्बोधनका लागि भएका विकासक्रम*

नेपालमा वि.सं. २०२१ देखि दृष्टिविहिनहरुका लागि, वि. सं. २०२३ देखि सुस्त श्रवणका लागि र वि. सं. २०२६ देखि शारीरिक अपाङ्गता भएकाका लागि शिक्षाको थालनी भएको देखिन्छ । वि. सं. २०३० मा विशेष शिक्षाको विकास एवं विस्तार गर्ने उद्देश्यले विशेष शिक्षा परिषद्को गठन भएको थियो । अपाङ्गता भएकाहरुको शिक्षाको विकासका निमित्त कार्य गर्न तत्कालिन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को पनि गठन गरिएको थियो । यसरी नेपालमा विगतमा अपाङ्गता भएका तथा निसहाय व्यक्तिहरुको उत्थान तथा विकासको क्षेत्रमा विभिन्न कार्यहरुको थालनी भएको देखिन्छ ।

राष्ट्रसंघले अपाङ्गहरुको विकासका लागि कार्य गर्न सन् १९८२ मा अपाङ्ग सम्वन्धी विश्व कार्य योजना (The World Program of Action Concerning

Disabled Persons) र विश्व अपाङ्ग दशक (१९८३(१९९२) मनाउन विभिन्न कार्यक्रमहरु सिफारिस गरेको थियो । सन् १९८९ को बाल अधिकार सम्वन्धी महासन्धिले अपाङ्गता भएका बालबालिकाको अधिकार, सन् १९९० को जोमटिएन र सन् २००२ को डकार घोषणाले “सबैका लागि शिक्षा” घोषणापत्र  जारी गरेर अपाङ्ग बालबालिका समेतको शिक्षाको अवसरलाई सुनिश्चित गरेको सन्दर्भमा नेपालले पनि सो अनुसारका नीति तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइ रहेको देखिन्छ ।

नेपालमा सरकारले अपाङ्गताका सवालहरूलाई अलग्गै कानुन बनाइ सम्बोधन गर्न २०३९ सालदेखि थालेको हो । संयुक्त राष्ट्र संघले सन १९८१ लाई अपाङ्गता भएका व्यक्तिको अन्तर्राष्ट्रिय वर्ष घोषणा गरे सँगसँगै नेपालले पनि अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ लागू गरेर यसको सुरूवात गरेको हो । छुट्टै कानुन बनाइ काम गर्न २०३९ सालबाट थालिएको भए तापिन यस अघि नै गैर सरकारी स्तरमा अपाङ्गता भएका व्यक्तिका लागि केहि कामहरूको सुरूवात भने भैसकेको थियो । वि. सं. २०३९ सालमा बनेको कानुनको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पर्ने लामो समयसम्म बन्न नसकेको नियमावली अपाङ्ग संरक्षण तथा कल्याण नियमावली २०५१ सालमा बन्यो । २०५३ सालमा विशेष शिक्षालाई शुरु गर्नको लागि छुट्टै विशेष शिक्षा नीति निर्माण गर्‍यो जसले विशेष शिक्षा परिषदमा अपाङ्गता क्षेत्रको प्रतिनिधित्व समेत सुनिश्चित गरेको थियो ।

नेपालमा अपाङ्गता क्षेत्रमा काम गने संघ संस्थाहरूको सकृयता सँगै राज्यले अपाङ्गता भएका व्यक्तिलाई क्रमशः नीति कार्यक्रमहरुमा पनि सम्बोधन गर्दै आएको छ । अपाङ्गता भएका व्यक्तिलाई परिचयपत्र दिने कामको सुरूवात २०५७ सालदेखि गर्‍यो भने वदलिंदो चाहना र अपाङ्गताको वदलिंदो अवधारणालाई आत्मसात गरेर नेपाल सरकारले २०६३ सालमा अपाङ्गताको परिभाषा र वर्गिकरणलाई पुनः परिभाषित गर्‍यो । सोहि साल महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले अपाङ्गता सम्बन्धी राष्ट्रिय

राष्ट्रसंघले अपाङ्गहरुको विकासका लागि कार्य गर्न सन् १९८२ मा अपाङ्ग सम्वन्धी विश्व कार्य योजना (The World Program of Action Concerning Disabled Persons) र विश्व अपाङ्ग दशक (१९८३-१९९२) मनाउन विभिन्न कार्यक्रमहरु सिफारिस गरेको थियो। सन् १९८९ को बाल अधिकार सम्वन्धी महासन्धिले अपाङ्गता भएका बालबालिकाको अधिकार, सन् १९९० को जोमटिएन र सन् २००२ को डकार घोषणाले "सबैका लागि शिक्षा" घोषणापत्र जारी गरेर अपाङ्ग बालबालिका समेतको शिक्षाको अवसरलाई सुनिश्चित गरेको सन्दर्भमा नेपालले पनि सो अनुसारका नीति तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइ रहेको देखिन्छ।

अपाङ्गतालाई अन्य सवाल सँगसँगै जाने सवाल (Cross Cutting issue) को रूपमा ग्रहण गरेर केहि सेवा सुविधाहरू शिक्षा ऐन, स्थानीय स्वायत्त शासन ऐन, सार्वजिनक यातायात सम्बन्धी ऐन, भवन निर्माण आचार संहिता, निजामति सेवा ऐन तथा नियमावलीमा उल्लेख गरिएको छ। हाल अपाङ्गता भएका व्यक्तिलाई निजामति सेवामा ५ प्रतिशत सिट आरक्षण गरिएको छ भने सरकारी विद्यालय तथा कलेज दुवैमा शिक्षा निःशुल्क गरिएको छ।

मुलकुभित्र विगतदेखि नै अपाङ्ग व्यक्तिहरुले विभिन्न संघ संस्था खोल्ने र संगठित हुने काम पनि भइरहेको छ। यसै क्रममा मुलुकमा अपाङ्गहरुका कैयन संघ संस्था कार्यरत छन्। जिल्ला देखि केन्द्रसम्म खुलेका अपाङ्गका संघ संस्थाको प्रतिनिधित्व गर्न, उनीहरुको हक हितका लागि समन्वयात्मक रुपमा संगठित भइ अधिवाचन लगायत नेतृत्व गर्ने उद्देश्यले छाता संस्थाको रुपमा राष्ट्रिय अपाङ्ग महासंघ स्थापना भएको छ। यो संस्था वि.सं. २०५० मा स्थापना भएको हो। मुलुकमा रहेका अपाङ्ग व्यक्तिहरुका लागि अधिकारमुखी राष्ट्रिय नीति तथा कार्यक्रम तय गरी यस्ता समुदायहरुलाई विकासको मूलधारमा समावेश गर्न गराउन सरकारद्वारा राष्ट्रिय कार्यक्रमहरु सञ्चालन भइ रहेका छन्। तर पनि अपाङ्ग व्यक्तिहरुको सहज एवं सम्मानपूर्ण जीवनयापनको आवश्यकता पूरा हुन नसकेको यर्थाथता पनि रहेको छ। यी

विषयहरुलाई मध्यनजर राखी अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक समावेशीकरण, आर्थिक एवं सामाजिक सशक्तिकरणका निमित्त हाल सञ्चालनमा रहेका कार्यक्रमहरु अपुग रहेको पनि स्वीकार गर्नुपर्ने देखिन्छ ।

यसले अपाङ्गता कुनै व्यक्तिगत रोग, समस्या वा असक्षमता नभएर सामाजिक विभेद र विभिन्न अवरोधहरू बाट सृजित एक अवस्था हो जसबाट व्यक्तिलाई मुख्य गरेर समाजमा समान हैसियतमा सकृय र उत्पादनशील जीवन जीउन सक्ने बनाउन सक्दछ भन्ने वृहत दृष्टिकोण अघी सार्दै अपाङ्गता दान, दया र पुण्यको विषय नभई विकास प्रकृया र मानव अधिकारसँग आवद्ध गरेर सम्बोधन गर्नु पर्ने विषय हो भन्ने मान्यता स्थीपत गऱ्यो । यस मुल्य र मान्यतालाई नेपालमा स्थापित र प्रचार प्रसार गर्न अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चीलत गैर सरकारी संस्था, अपाङ्गता भएका व्यक्तिका लीग काम गर्ने गैर सरकारी संस्था, अपाङ्गता अधिकारकर्मी र मानव अधिकारकर्मीहरूको पहल निकै राम्रो रहेको छ भने यस नयाँ अवधारणालाई नेपाल सरकारले पनि क्रमशः संस्थागत गर्दै लगेको छ ।

## *विद्यमान नीति तथा कार्यक्रममा अपाङ्गता*

वि. सं. २०७२ सालमा संविधान सभाबाट जारी नेपालको संविधानमा अपाङ्गता भएका व्यक्तिका लागि विभिन्न प्रावधानहरू समावेश गरिएका छन । निःशुल्क शिक्षा हासिल गर्न पाउने, व्रेल तथा साङ्केतिक भाषामा शिक्षा लिन पाउने, समावेशी सिद्धान्तको आधारमा राज्यका विभिन्न निकायहरूमा सहभागी हुन पाउने, अपाङ्गताको आधारमा भेदभाव गर्न नपाइने र यस्ता भेदभावहरूलाई दण्डित गरिने, प्रतिनिधि सभा तथा प्रादेशिक सभाको लागि हुने समानुपातिक निर्वाचन प्रणालीमा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व हुनुपर्ने, राष्ट्रिय सभामा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व हुनुपर्ने लगायत राष्ट्रिय समावेशी आयोगमा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व गराउनु पर्नेजस्ता महत्वपूर्ण प्रावधानहरू नेपालको नयाँ संविधानमा उल्लेख भएका छन् ।

नेपाल सरकार अपाङ्गता भएका बालबालिकाको अधिकार संरक्षण प्रति संवेदनशील रहँदै आएको छ । अपाङ्गता भएका बालबालिकालाई परिचय पत्रको व्यवस्था गरिएको छ । स्वास्थ्यमा सुविधा लगायत अपाङ्गताको प्रकृतिको आधारमा आवासीय तथा गैह्रआवासीय छात्रबृत्तिको व्यवस्था निरन्तर रहेको छ । यसैगरी अपाङ्गता भएका बालबालिकाको जीवन पद्धतिलाई गुणस्तरीय बनाउन सरकारी तथा गैरसरकारी संस्थाहरुबाट विविध सेवाहरु प्रवाहित भैरहेका छन् ।

१. अपाङ्गता भएका बालबालिका र व्यक्तिलाई पनि अन्य बालबालिका सरह नै समावेशी वातावरणमा शिक्षा दिनु पर्छ भन्ने पछिल्लो मान्यतासँगै नेपालमा पनि शिक्षा विभागले समावेशी शिक्षाको अवधारणालाई आत्मसात गरेको छ । गैर सरकारी निकायहरूसँग साँझेदारी गरेर महिला बालबीलका तथा समाज कल्याण मन्त्रालयले अपाङ्गताको सवालमा जनचेतना, पुर्नस्थापना र शसक्तिकरणका कामहरु गदै आएको छ ।

२. आ.व. २०७४/०७५ को बजेट वक्तव्यको बुँदा नं. १४३ मा अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक सहयोगी सामग्रीहरुको आयात तथा उत्पादनमा दिँइदै आएको सहुलियत र अपाङ्ग पुर्नस्थापनाका लागि संघसंस्थाहरुमार्फत जाने सहयोगलाई निरन्तरता दिने र अपाङ्गता भएका व्यक्तिलाई रोजगारी उपलब्ध गराउने प्रतिष्ठानहरुलाई दिएको सहुलियत कायम राख्ने तथा सबै प्रकारका सार्वजनिक भौतिक संरचनाको निर्माण अपाङ्गमैत्री बनाइनेछ र दृष्टीविहीनहरुका लागि छुट्टै शिक्षालयमा शिक्षा दिने व्यवस्था मिलाइनेछ भन्ने उल्लेख भएको छ । यसबाट अपाङ्गता भएका बालबालिका लाभान्वित हुने देखिन्छ ।

३. हवाइ तथा स्थलका सार्वजिनक यातायातमा अपाङ्गता भएका व्यक्तिलाई भाडामा ५० प्रतिशत छुट दिइएको छ भने आयकरको दायरा अपाङ्गता भएका व्यक्तिको हकमा ५० प्रतिशतले फराकिलो पारिएको छ । अपाङ्गता भएका व्यक्तिको पुर्नस्थापनाको लीग राष्ट्रिय अपाङ्ग कोषको व्यवस्था गरिएको छ भने महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयमार्फत सबै जिल्लामा समुदायमा आधारित पुर्नस्थापना केन्द्र सञ्चालन गरिएको छ ।

४. संघीय मामला तथा स्थानीय विकास मन्त्रालय मार्फत अपाङ्गता भएका व्यक्तिलाई मासिक रु. ३०० देखि १००० सम्म भत्ताको व्यवस्था गरिएको छ । २०६९ सालमा अपाङ्गता भएका व्यक्तिका लागि भौतिक संरचना र सञ्चार सेवा पहुँच युक्त बनाउन मन्त्रीपरिषदबाट छुट्टै निर्देशिका पारित गरेर लागू गरिएको छ ।

५. नेपाल सरकारले अपाङ्गताको सवाल हेर्न महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयमा २०७१ साल देखि एउटा छुट्टै अपाङ्गता अधिकार समन्वय शाखा गठन गरेको छ भने प्रधानमन्त्री कार्यालय, स्थानीय विकास तथा संघीय मामिला, स्वास्थ्य तथा जनसंख्या लगायत अन्य केहि मन्त्रालयहरूले पनि अपाङ्गताको सवाल हेर्न छुट्टै डेस्कको व्यवस्था गरेका छन् ।

६. नेपाल सरकारद्वारा सञ्चालित विशेष शिक्षा कार्यक्रम अन्तर्गत यस आ.व.मा कक्षा १ देखि ८ सम्मका जम्मा ६ हजार १ सय १३ जना अपाङ्गता भएका बालबालिकाले आवासीय तथा २१ हजार ९ सय २० जनाले गैर आवासीय छात्रवृत्ति पाएका छन् । त्यसैगरी कक्षा ९ र १० मा अध्ययनरत जम्मा ३ सय ७६ जना बालबालिकाले आवासीय तथा ३ हजार ७ सय ५४ जनाले गैर आवासीय छात्रवृत्ति पाएका छन् ।

७. गैर सरकारी क्षेत्रलाई हेर्ने हो भने हरेक जिल्लामा अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित संस्थाहरू सकृय छन् भने यसको राष्ट्रिय नेतृत्व राष्ट्रिय अपाङ्ग महासंघले गरेको छ । अपाङ्गता क्षेत्रमा काम गर्ने केहि तालिम तथा स्रोतकेन्द्रहरु पनि गैर सरकारी क्षेत्रमा कार्यरत रहेका छन् भने स्वास्थ्य सेवा तथा विशिष्ट स्वास्थ्य सेवा उपलब्ध गराउन अस्पतालहरू पनि स्थापित भएका छन् । विभिन्न विकासक्षेत्रमा गैर सरकारी निकायहरूले सञ्चालन गरेका पुर्नस्थापना केन्द्रहरु कार्यरत रहेका छन भने नेपाल सरकारले पनि राष्ट्रिय अपाङ्ग कोषको स्थापना गरेर काम गर्दै आएको छ । नेपालमा अपाङ्गता अधिकारको क्षेत्रमा नेपालमा डिपीओडी, डेनमार्क, एफएफओ, नर्वे, सीवीएम, युनिसेफ, ह्याण्डीक्याप इन्टरनेशनल, प्लान नेपाल, माइ राइट्स, सेभ द चिल्डेन, एनएलआर, आइफेसर, युएसएआइडी, अष्ट्रेलियन दुतावास, एबिलस फाउन्डेसन लगायत विभिन्न अन्तर्राष्ट्रिय सरकारी तथा गैर सरकारी

निकायहरूले लगानी तथा काम गरीरहेका छन् । यसरी अन्तर्राष्ट्रिय गैर सरकारी निकाय बीच हुने सहयोगहरूको ठूलो हिस्सा नेतृत्व विकास, जनचेतना, पैरवी, शसक्तिकरण, अपाङ्गता सम्बन्धी नीति निर्माण, संस्थागत क्षमता विकास, तालिम, अभिमुखिकरण जस्ता क्षेत्रमा उपयोग भएको छ भने सानो हिस्सा शिक्षा, स्वास्थ्योपचार, विशिष्ट स्वास्थ्य सेवा, सहायक सामग्री, सूचना तथा सञ्चारमा पहुँच, अपाङ्गता मैत्री संरचना निर्माण, आय आर्जन आदिमा पनि उपयोग गरिएको छ ।

अपाङ्गतासम्बन्धमा विशिष्टरुपमा कार्यान्वयनमा रहेका कार्यक्रमहरु देहाय बमोजिम रहेका छन् ।

१. **निःशुल्क शिक्षा र छात्रावृत्ति** : सामुदायिक शिक्षण संस्थाहरुमा अपाङ्गता भएका विद्यार्थीहरुका लागि निःशुल्क शिक्षाको व्यवस्था गरिनुका साथै अपाङ्गता गम्भीरता र शिक्षण संस्थासम्मको दुरीका आधारमा छात्रावृत्तिको समेत व्यवस्था ।

२. **निःशुल्क स्वास्थ्य सेवा** : अपाङ्गता भएका व्यक्तिहरुका लागि सरकारी अस्पत्तालहरुमा निःशुल्क स्वास्थ्योपचारको व्यवस्था ।

३. **भाडामा छुट र सिट आरक्षण** : आन्तरिक हवाई भाडा र सार्वजनिक सवारी साधनमा ५० प्रतिशत छुटको व्यवस्थाका साथै १५ सिट वा सो भन्दा बढी सिट क्षमताका सार्वजनिक यातायातका साधनमा दुई सिट अपाङ्गता भएका व्यक्तिका लागि आरक्षण गर्ने प्रावधान ।

४. **चारपांग्रे स्कुटर र सहायक सामग्री खरिदमा कर छुट** : अपाङ्गता भएका व्यक्तिले चलाउन मिल्ने बिशेष प्रकारको चारपांग्रे स्कुटरको खरिद गर्दा तिर्नुपर्ने भन्सार महशुल छुट दिईएको छ । त्यसै गरी अपाङ्गता भएका व्यक्तिहरुको प्रयोजनका लागि (व्यापारीक प्रयोजन बाहेक) खरिद गरिने सहायक सामग्रीमा कर छुट दिने व्यवस्था ।

५. **आयकरको दायरा वृद्धि** : अपाङ्गता भएका व्यक्तिका लागि आयकरको दायर अन्य व्यक्तिको तुलनामा ५० प्रतिशतले फराकिलो बनाईएको ।

६. **निःशुल्क सहायक सामग्री तथा शैक्षिक सामग्री** : सरकारले अपाङ्गता भएका व्यक्तिहरुको पहुँच तथा गमनशिलता बढाउन आवश्यक पर्ने ह्वीलचियर,

बैशाखी, सेतो छडी, श्रवण यन्त्र, कृतिम हात खुट्टा लगायतका सहायक सामग्रीहरु बिभिन्न संघ संस्थाहरु मार्फत निःशुल्क उपलब्ध गराउदै आएको छ । त्यसैगरी दृष्टिविहिन बालबालिकाहरुका लागि ब्रेल पुस्तक, बडियो पुस्तक तथा ब्रेल सामग्रीहरु निःशुल्क वितरण गर्ने व्यवस्था ।

७. **सार्वजनिक सेवामा आरक्षण** : निजामती सेवा लगायत अन्य सार्वजनिक सेवाहरुको खुला प्रतिस्पर्धात्मक परीक्षाबाट पूर्ति गरिने पदहरुमा आरक्षित सिटहरु मध्ये पाँच प्रतिशत सिट अपाङ्गता भएका व्यक्तिहरु बीचमात्र प्रतिस्पर्धा हुनेगरी आरक्षित गरिएको ।

८. **परीक्षामा सहयोगी राख्ने तथा समय थपको व्यवस्था** : दृष्टिबिहिन तथा हातमा समस्या भई आफै लेख्न नसक्ने व्यक्तिहरुका लागि सहयोगी लेखक राख्न पाउने तथा समय थप हुने समेत व्यवस्था गरिएको छ। यो व्यवस्था विद्यालय/विश्वविद्यालय स्तरको परीक्षा एवं लोक सेवा आयोग लगायतले सञ्चालन गर्ने प्रतिस्पर्धात्मक परीक्षाहरुमा लागू गरिएको ।

९. **आवाशीय पुर्नस्थापना सेवा** : आर्थिक बर्ष २०७२/७३ देखि पूर्ण अशक्त अपाङ्गता भएका विपन्न र बेसाहारा व्यक्तिहरुका लागि दीर्घकालिन आवाशीय पुर्नस्थापना सेवा दिन थालिएको छ । यो सेवा हाल काठमाडौं र कञ्चनपुरमा गरी दुई स्थानमा सञ्चालन भईरहेको छ । अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकतालाई ध्यान दिई सार्वजनिक भौतिक संरचनाहरु पहुँचयुक्त बनाउन शुरु गरिएको छ । केहि टेलिभिजनहरुबाट प्रशारण हुने समाचार तथा अन्य कार्यक्रमहरुमा दोभाषेको व्यवस्था गरी बहिरा व्यक्तिहरुको सञ्चारमा पहुँच वृद्धि गरिएको छ । सार्वजिनक सवारी साधनहरुलाई अपाङ्गता मैत्री बनाउन शुरुवात भएको छ ।

# शिक्षामा अपाङ्गता भएका बालबालिकाहरूका लागि विशिष्ट कार्यक्रमहरू

१. **विद्यालय सञ्चालनः** नेपाल सरकारको अनुदान सहयोग पाउने गरी जम्मा ३३ वटा विशेष विद्यालय, २३ वटा एकिकृत विद्यालय र ३८० वटा स्रोतकक्षाहरु सञ्चालनमा रहेका छन ।

२. **छात्रबृत्तिः** सामुदायिक विद्यालयमा पठनपाठन गर्ने सबै अपाङ्गता भएका विद्यार्थीहरुलाई छात्रबृत्तिको व्यवस्था गरिएको छ । पहुँचका आधारमा पढ्नका लागि डेरा गरेरै बस्नुपर्ने अवस्था भएका अपाङ्गता भएका बालबालिकाहरुका लागि आवाशीय छात्रबृत्ति (प्रति विद्यार्थी प्रति महिना रु. ४०००/-), विद्यालयमा आउँदा जादा वा विद्यालयमा रहदा बस्दा अरुको सहयोग आवश्यक पर्नेका लागि साधन सहयोग छात्रबृत्ति (प्रति विद्यार्थी प्रति महिना रु. ५००/-), यातायात प्रयोग कर्ता एवं अन्य अपाङ्गता अनुकुलनका सामग्री प्रयोग कर्तालाई यातायात छात्रबृत्ति प्रति महिना रु. ३००/-) र सामान्य अपाङ्गता भएकालाई प्रोत्साहनमूलक छात्रबृत्ति (प्रति महिना रु. १००/-) गरी ४ श्रेणीको छात्रबृत्ति उपलब्ध हुदै आएको छ । यसैगरी विशेष शिक्षा परिषदबाट उच्च शिक्षामा अध्ययन गर्ने अपाङ्गता भएका विद्यार्थीहरुलाई क्षेत्रीय शिक्षा निर्देशनालय मार्फत छात्रबृत्ति वितरण भइ आएको छ ।

३. **लेखाजोखा केन्द्रः** अपाङ्गता पहिचान गर्न, अपाङ्गतासम्बन्धी आवश्यक सेवा, सहयोग सरसल्लाह र अन्य कार्यक्रम तर्जुमा गर्ने जस्ता उद्देश्यले हाल ६९ जिल्लामा लेखाजोखा केन्द्र स्थापना भएका छन । जिल्ला शिक्षा अधिकारीको संयोजकत्वमा रहेको लेखाजोखा केन्द्र व्यवस्थापन समितिले जिल्ला भित्र अपाङ्गता क्षेत्रमा समन्वय र स्रोत परिचालन गुणस्तरीय शिक्षा प्रवाहमा सहयोग गर्ने कार्यजिम्मेवारी रहेको छ ।

४. **आवाशीय व्यवस्थाः** घर नजिक अपाङ्गता अनुकुल हुने विद्यालय नभएका बाल बालिकाहरुलाई लक्षित गरेर विशेष विद्यालय, एकिकृत विद्यालय एवं स्रोतकक्षामा आवाशीय सुविधा राखिएको छ । देशभरमा ६००० भन्दा बढी अपाङ्गता भएका बालबालिकाहरुले यो सुविधा लिईरहेका छन । आवाशमा बस्ने विद्यार्थीहरुका लागि सरकारबाट आवाशीय छात्रबृत्ति उपलब्ध हुदै आएको छ ।

५. **अन्यः** सबै स्रोतकक्षाहरुमा अपाङ्गता भएका बालबालिकाहरुका लागि अतिरिक्त कियाकलाप सञ्चालन गर्ने, दृष्टिविहिन विद्यार्थीहरुका लागि निःशुल्क रुपमा ब्रेल पाठ्यपुस्तक वितरण गर्ने, कार्यक्रमका आधारमा विभिन्न संघ सास्थाहरुसँग साझेदारीमा सांकेतिक भाषा बाल शब्दकोष विकास एवं वितरण, बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुका लागि सिकाइ सामग्री, अटिज्म, मष्तिष्क पक्षघात, श्रवणदृष्टिविहीन, बहु अपाङ्गता भएका बालबालिकाहरुका लागि सामग्री विकास एवं वितरण हुँदै आएका छन ।

६. अन्य निकायहरुबाट सञ्चालित कार्यकम अन्तर्गत त्रिभुवन विश्व विद्यालय, किर्तीपुर काठमाडौंले विशेष आवश्यकता शिक्षामा स्नातक र स्नातकोत्तर तहका शैक्षिक कार्यकम सञ्चालन गरेको छ । शैक्षिक जनशक्ति विकास केन्द्रबाट अपाङ्गता क्षेत्रमा कार्यरत शिक्षकका लागि सामग्री विकास गरी शिक्षक तालिम सञ्चालन गर्दै आएको छ भने पाठ्यक्रम विकास केन्द्रबाट विद्यमान पाठ्यक्रम एवं पाठ्यपुस्तकलाई अपाङ्गतामैत्री बनाउने कार्यको शुरुवात गर्नुका साथै अपाङ्गता भएका बालबालिकाको आवश्यकता संबोधन गर्ने सन्दर्भ सामग्री विकास गर्दै आएको छ । गैर सरकारी संघसंस्थाले सामग्री विकास, पुर्नस्थापना, सीपमा आधारित शिक्षा लगायतका कार्यकम सञ्चालन गर्दै आएका छन ।

- अपाङ्गतासँग अप्रत्यक्ष सम्बन्ध राख्ने अन्य सञ्चालित शैक्षिक कार्यकमहरुमा निःशुल्क आधारभूत र माध्यमिक शिक्षा (कक्षा १० सम्म), निःशुल्क पाठ्यपुस्तकको व्यवस्था (सामुदायिक विद्यालयको कक्षा १० सम्म अध्ययनरत र दलित र कर्णाली अञ्चलमा बसोबास गर्नेका लागि), छात्रवृत्तिको व्यवस्थाः छात्रा छात्रवृत्ति, दलित छात्रवृत्ति, लक्षित समूह छात्रवृत्ति, आवाशीय छात्रवृत्ति आदि रहेका छन् ।
- यसैगरी शिक्षक तालिमको व्यवस्था, बालविकास कार्यकमको व्यवस्था, लभगभ ६ लाख विद्यार्थीहरु (कक्षा ८ सम्म) का लागि दिवा खाजा कार्यकम, विद्यालय भवन तथा भौतिक पूर्वाधार निर्माण, शौचालय निर्माण, वातावरण सुधार, क्षमता विकास कार्यकम र शैक्षिक तथ्याङ्कको खण्डीकृत विवरण तयारी, प्रकाशन र निर्णय प्रकृयामा प्रयोगजस्ता पक्षहरु पनि समावेश गरिएका छन् ।

# अपाङ्गतासम्बन्धी सवाल सम्बोधनका लागि सरकारको जवाफदेहिता

माथि नै उल्लेख गरिसकियो कि नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले विद्यालय शिक्षाको अधिकार र दायित्व स्थानीय सरकारमा रहेको छ । यससम्बन्धी कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयन तथा अनुगमन गर्ने दायित्व स्थानीय सरकारमा रहेको छ । यसैगरी प्रदेश र संघीय सरकारले पनि संविधानमा उल्लेख भएका मौलिक हक तथा अन्य प्रावधानहरु कार्यान्वयन गर्नका लागि विशिष्ट ढंगको सहयोग गर्नुपर्ने देखिन्छ । यसरी तीन तहका सरकारले विद्यालय शिक्षा अझ खासगरी अपाङ्गता भएका व्यक्तिका अधिकार सुनिश्चित गर्ने कार्यमा दायित्व निर्वाह गर्नुपर्ने देखिन्छ । सरकारका जवाफदेहिता ऐन तथा कानून निर्माण, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन, अनुमगन तथा मूल्यांकनजस्ता पक्षहरुमा देखिनु पर्छ जसबाट अपाङ्गता भएका व्यक्तिहरुले आफ्ना आवश्यकता निर्वाध ढंगबाट पुरा गर्न सकुन । यी मध्ये केहि प्रावधानहरु तल उल्लेख गरिएका छन् जसले सरकारलाई बढी भन्दा बढी जवाफदेही बनाउन सहयोग गरेको हुन्छ :

क) नेपालको संविधान २०७२ को धारा ५१ मा राज्यका नीतिहरू उल्लेख गरिएको छ । धारा ५१ (ञ)मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिअन्तर्गत देहायका विषयहरु उल्लेख गरिएको छ ।

(१) असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने,

(२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुर्नस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने,

(३) प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने,

(४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्यांकन गर्ने,

(५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने,

(६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुर्नस्थापना गर्ने,

(७) राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वांगीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने,

(८) आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने,

(९) अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(१०) मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(११) उत्पीडित तथा पिछडिए को क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने,

(१३) स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने,

(१४) सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता संघ संस्थाहरूलाई संलग्न गराउने ।

ख) नेपालको संविधान २०७२ बमोजिम संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारीमा निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा रहेको छ । यसको सुनिश्चितताका गर्न सकेमा अपाङ्गता भएका बालबालिकाहरुको शिक्षासम्बन्धी अधिकारको सुनिश्चितता गर्न सकिने थियो । यसका लागि देहायका कार्यहरु गर्नु आवश्यक हुन्छ ।

- संविधानमा उल्लेख भएका र अन्तर्राष्ट्रिय रुपमा व्यक्त गरिएका प्रतिवद्धताहरु पुरा गराउनका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने, कानूनी संरचना निर्माण गर्ने, स्रोत साधन र संयन्त्रको व्यवस्था गर्ने दायित्व राज्यमा रहेको हुन्छ । यस दायित्वलाई पुरा गर्नका लागि तीनै तहका सरकार जवाफदेही बन्नु पर्छ । तापनि आवश्यक कानूनी पूर्वाधार तयार गर्नमा संघीय सरकार बढी जिम्मेवार बन्नुपर्ने देखिन्छ ।
- संघीय सरकारले आवश्यक नीतिगत व्यवस्था गर्ने, मापदण्ड तय गर्ने, गुणस्तरको सुनिश्चितता गर्ने, प्रमाणिकरण गर्ने, समकक्षता गर्ने जस्ता कार्यहरु गर्नुपर्ने हुन्छ । भने प्रदेश सरकारले प्रादेशिक नीति, मापदण्ड, मानक आदि तयार गर्न र समन्वय गर्नमा ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । स्थानीय तह कार्यनीति, कार्यक्रम तर्जुमा गरी पूर्णरुपमा कार्यान्वयनका लागि जिम्मेवार देखिन्छ ।

ग) संविधान तथा कानूनमा भएका व्यवस्था कार्यान्वयनका लागि विभिन्न तहका सरकारहरुले आवश्यकता अनुसारको योजना तर्जुमा गर्ने, संगठन संरचना निर्माण गर्ने, स्रोतसाधनको व्यवस्था गर्ने, योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्ने, समय समयमा प्रगति प्रतिवेदन सार्बजनिक गर्ने तथा सार्बजनिक सुनुवाई, आर्थिक लेखा परीक्षण र सामाजिक परीक्षण गर्नेजस्ता कार्यहरु नियम कानूनमा व्यवस्था गरेर सो को परिपालन गर्ने बाध्यात्मक व्यवस्था सृजना गरिएको छ ।

# अपाङ्गताको सवालमा स्थानीय सरकार र गैससँको भूमिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को शिक्षासम्बन्धी अधिकारअन्तर्गत विद्यालय शिक्षाको समग्र व्यवस्थापन गर्ने दायित्व स्थानीय सरकारमा रहेको देखिन्छ । यसका लागि शिक्षाका अधिकारक्षेत्र पनि कायम गरिएको छ । समग्र विद्यालय शिक्षासम्बन्धी अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको भए तापनि देहायका कार्यहरु गर्नका लागि तीनै तहका सरकारको भूमिका रहने देखिन्छ ।

## *स्थानीय सरकारको भूमिका र जिम्मेवारी*

- निःशुल्क तथा अनिवार्य शिक्षाको सुनिश्चितता ।
- निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चितता ।
- अपाङ्गता मैत्री भौतिक पूर्वाधार र विद्यालय परिसरको निर्माण ।
- उपयुक्त शैक्षिक सामग्रीको व्यवस्था गर्ने गराउने ।
- बालमैत्री र समावेशी विद्यालय परिसर सृजना गर्नमा सहयोग गर्ने र गर्न लगाउने ।
- कक्षाकोठा र शिक्षण सिकाई क्रियाकलापको सुनिश्चितता गर्ने गराउने ।
- छात्रवृत्तिको व्यवस्था गर्ने ।
- शिक्षक तालिमको व्यवस्था गर्ने ।
- विभिन्न संस्था र निकायसँगको समन्वयमा लक्षित समूहका लागि आवश्यकता अनुसार सहयोग उपलब्ध गराउने ।
- सहयोग प्राप्त गर्ने वातावरण सृजना गर्ने ।
- आफ्नो क्षेत्रभित्र रहेका विभिन्न निकाय, व्यक्ति र संरचनाको परिचालनका लागि आवश्यक व्यवस्था गर्ने र उनीहरुको परिचालन गर्ने ।

## *विद्यालयको भूमिका र जिम्मेवारी*

- बालबालिकाहरुको लागि बालमैत्री वातावरणको सृजना गर्ने ।
- रमाइलो वातावरणमा शिक्षण सिकाई कियाकलाप सञ्चालन गर्ने ।
- उपयुक्त शैक्षिक सामग्रीको निर्माण गर्ने, प्रयोग गर्ने ।
- अभिभावकसँगको सहकार्यमा बालबालिकाहरुको सिकाई उपलब्धि सुधारका लागि विशेष कार्यहरु सञ्चालन गर्ने ।
- कमजोर बालबालिकाहरुलाई आवश्यकताअनुसारको सहयोग उपलब्ध गराउने ।
- समुदायसँग मिलेर विशेष आवश्यकता भएका बालबालिकाहरुका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने ।

## *शिक्षकको भूमिका र जिम्मेवारी*

- बालमैत्री वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
- सामग्री सहित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
- विद्यार्थीको आवश्यतालाई सम्बोधन गर्ने किसिमबाट सिकाइ गर्ने वातावरण सृजना गर्ने ।
- रेस्पोन्सिभ बन्ने न कि प्रतिक्रियात्मक ।
- विद्यार्थीहरुमा सकारात्मक सोच र धारणा विकास गर्न गराउनमा उल्लेख्य भूमिका निर्वाह गर्ने ।
- बालबालिकाहरुको सिकाइका लागि अभिभावकहरुसँग सहकार्य गर्ने ।
- समग्रमा भन्नुपर्दा विद्यालय र कक्षाकोठाका कार्यहरु रमाइलो वातावरणमा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

## *गैर सरकारी संघसंस्थाको भूमिका*

- स्थानीय स्तरमा रहेका गैह्र सरकारी संघसंस्थाहरुले स्थानीय सरकारसँग मिलेर विद्यालयमा समावेशी वातावरण सृजना गर्नका लागि आवश्यक सहयोग उपलब्ध गराउने ।
- शैक्षिक सामग्री निर्माणमा सहयोग गर्ने ।
- शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, स्थानीय अभिभावकसमेतको क्षमता विकासमा सहयोग गर्ने ।

- दिगोपन हासिल गर्ने खालका कार्यक्रमहरु विकास र कार्यान्वयनमा आवश्यक सहयोग गर्ने ।
- अपाङ्गता र यसका सबालका विषय र यसलाई सम्बोधन गर्नका लागि सचेत नागरिकले गर्नुपर्ने कार्यका सम्बन्धमा सचेतना प्रवर्द्धन गर्ने खालका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- नागरिक समाजलाई रेस्पोन्सिभ बनाउने खालका गतिविधिहरु सञ्चालन गर्ने ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन र यसको प्रयोगका उपायहरु सम्बन्धमा शिक्षक र विद्यालयलाई आवश्यक सहयोग उपलब्ध गराउने ।
- सबै विद्यार्थीहरुको सर्वाङ्गिण विकासमा सहयोग पुग्ने ढंगबाट अतिरिक्त तथा सहक्रियाकलाप विकास गर्ने र त्यसमा विद्यार्थीहरुलाई सहभागी बनाउने । विभिन्न समयमा विभिन्न प्रतियोगिताहरु सञ्चालन गर्ने ।

## *अपाङ्गता भएका बालबालिकाको अधिकारमा बालक्लव*

बालबालिकाहरु स्वभावैले चञ्चल र जिज्ञासु प्रकृतिका हुन्छन् । समूहमा बस्न रहन रुचाउँछन् । एक अर्कासँग खेल्न रुचाउँछन् । तसर्थ तल्ला कक्षाहरुमा बालबालिकाहरुको बढी भन्दा बढी समय खेल्न र रमाउनका लागि तयार गरिदिनुपर्छ । विद्यालयमा स-साना समूह बनाएर उनीहरुको बीचमा विभिन्न क्रियाकलाप सञ्चालन गर्न सकिन्छ । अपाङ्गता भएका बालबालिकाहरुको सर्वाङ्गिण विकासका लागि कक्षाकोठा तथा विद्यालय एवम् समुदायस्तरमा पनि विभिन्न समूह उपसमूह गराएर विविध क्रियाकलाप सञ्चालन गर्न सकेमा उनीहरुको सामाजिक, मानसिक र संवेगात्मक विकासमा सहयोग पुग्ने देखिन्छ । यसका लागि विद्यालयले देहायका कार्यहरु गर्न सक्छन् :

- कक्षागत रुपमा विभिन्न समूह तथा उपसमूह बनाउने । यस्ता समूह सिकाइ क्षमता, आवश्यकताको सम्बोधन र मनोरञ्जन हासिल गराउने ढंगबाट तय गर्न सकिन्छ ।
- अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि बालक्लव बनाई कार्यक्रम सञ्चालन गर्नका लागि उनीहरुसँग सहकार्य गर्ने ।
- विभिन्न समूह बनाइ उनीहरुको क्षमता र हैसियत अनुसारको खेलकुद कार्यक्रम सञ्चालन गर्ने ।



## सम्पर्क:


**लू निभाः बाल सरोकार समूह, नेपाल**

पो.ब.नं. ८९७५ इपिसि २१२७ काठमाडौं

फोन : +९७७ ०१ ५५९२०५४

फ्याक्स : +९७७ ०१ ५५९१३२९

इमेल : info@loonivachild.org.np

वेब साईट : www.loonivachild.org.np

**पाटन सामुदायिक पुनर्स्थापन संस्था**

(पाटन सि.बि.आर. संस्था)

वडा नं. ११, शंखमुल, ललितपुर

फोन : +९७७–०१–५२६०२९१

इमेल : patancbr@ntc.net.np

वेब साईट : www.patancbr.org.np